अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३३ / २०८२ चैत ६ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Mar. 20, 2026 / मूल्य रू. १०/-

## भाद्र २३ र २४ को घटनामा संलग्नलाई कारबाही होला ?

काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र २४ गते भएको विध्वासत्मक कार्यको जाँचबुझ गरी छानविन प्रतिवेदन सरकारलाई बुझाउन पूर्व न्यायाधिश गौरी बहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको आयोगले फागुन २४ गते आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशिला कार्कीलाई बुझाएको छ । उक्त प्रतिवेदन सरकारले सार्वजनिक गरेको छैन । कार्की आयोगले भाद्र २३ गतेको विरोध प्रदर्शनको मात्र जाँचबुझ गरी २४ गतेको घटना अनुसन्धान हुनुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गतेको घटना घटाएको प्रतिवेदनमा उल्लेख गरिएपनि त्यस दिनको घटनाको अनुसन्धान गरी घटनामा संलग्न रहेकाहरूलाई कानुनी कारबाही गर्नुपर्ने उल्लेख गरेको छ । तर

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मा बालेन सरकारलाई

### आफ्नै पार्टीका नेताहरूमाथि बानेल साह सरकारले कारबाही नगरे रास्वपाको सुशासन, दण्डहीनता र भ्रष्टाचार नियन्त्रण होला ?

देवेन्द्र चुडाल

काठमाडौ । गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते नै भएको विध्वसात्मक कार्य पछि संविधान कोमामा पुगेको थियो । तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिएपछि कोमामा पुगेको संविधानलाई कोमामै राख्दै राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई भाद्र २७ गते मध्यरातमा प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । प्रधानमन्त्रीमा नियुक्त भएको एक घण्टा नवित्दै प्रधानमन्त्री कार्कीले संसद विघटन गर्ने निर्णय गरेर राष्ट्रपतिलाई संसद विघटन गर्ने सिफारिस गरेकी हुनाले त्यही सिफारिसको आधारमा संसद विघटन गर्दै फागुन २१ गते संसदको निर्वाचन गराउने म्याडेट प्रधानमन्त्री कार्कीलाई दिएका थिए । त्यही म्याडेटका आधारमा



फागुन २१ गते संसदको निर्वाचन सम्पन्न भैसकेको छ ।

फागुन २१ गते सम्पन्न भएको निर्वाचन परिणामले ठुला भनिएका पार्टी नेपाली कांग्रेस, नेकपा एमाले सहितका पार्टीहरूलाई रक्षात्मक अवस्थामा पुऱ्याएको छ भने २०७९ मा मात्र गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपालाई यस पटकको निर्वाचनमा झण्डै दुई तिहाई मत दिएर नेपाली जनताले कांग्रेस, एमाले सहितका दलहरूलाई जनताका समस्या सुन्न, बुझ्न अब पनि ढिलो गरे पार्टीहरु नै सकिन्न सक्ने चेतावनी सहित संसदमा पुऱ्याएका छन् । पुराना भनिएका दलहरु कांग्रेस, एमाले, माओवादी केन्द्र र मधेशवादी दलहरूले लामो समयसम्म मुलुकमा सरकार सञ्चालन गरेका थिए ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले त आफ्नो पार्टीको नाम पटक पटक परिवर्तन गर्दै जनतालाई झुक्याउँदै आफ्नै अध्यक्ष बन्दै आएका थिए तर भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शन

>>> बाँकी ८ पेजमा

## थापाको कदम कांग्रेसका लागि आत्मघाती बन्यो



काठमाडौ । फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसाभाको निर्वाचनको परिणामले कांग्रेसका तत्कालिन महामन्त्री तथा हालका सभापति गगन थापाको कदम कांग्रेसका लागि मात्र नभएर एमालेका लागि पनि आत्मघाती सावित भएको छ । गगन थापा कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिम निर्वाचित भएका थिए । तर सो विशेष महाधिवेशन कांग्रेसका तत्कालिन सभापति रहेका शेरबहादुर देउवा पक्षले भाग लिएको थिएन । गगन पक्षले कांग्रेसको विधान विपतिर विशेष

>>> बाँकी ८ पेजमा

## नवनिर्वाचित सांसदहरूको शपथ १२ गते

काठमाडौँ । नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ ग्रहण चैत १२ गते हुने भएको छ । निर्वाचन आयोगले चुनावी प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष बुझाएपछि संसद सचिवालयले चैत १२ गते शपथ ग्रहणको तयारी अगाडि बढाएको हो ।

संसदको परम्परा र नियम अनुसार जेष्ठ सदस्यले राष्ट्रपतिबाट पद तथा गोपनियताको सपथ लिएपछि बाँकी सदस्यहरूलाई संसद भवनमा सपथ ग्रहण गराउने परम्परा छ । यसपटक नेपाली कांग्रेसका अर्जुन नरसिंह केसीले जेष्ठ सदस्यका रूपमा सांसदहरूलाई सपथ ग्रहण गराउने भएका छन् । उनी ७८ वर्षका जेष्ठ सदस्य हुन् ।

## बालेन-रास्वपाको सुनामीले कांग्रेस एमालेमा विवाद

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई सिटमा जित हाँसिल मात्र गरेन उसका उम्मेदवारहरूले नेपाली कांग्रेस र नेकपा एमालेका अध्यक्षलाई नै पराजित गरेपछि कांग्रेस एमालेभित्र विवाद उत्पन्न भएको छ ।

नेपाली कांग्रेसका गगन थापा पक्षले गत पुस २७ देखि ३० गते सम्म सम्पन्न गरेको विशेष महाधिवेशनबाट थापा सभापतिमा निर्वाचित भएका भएपनि तत्कालिन सभापति शेरबहादुर देउवा पक्षले सो विशेष महाधिवेशनमा भाग नै लिएका थिएन । थापा पक्षले विशेष महाधिवेशनमा दुई तिहाई भन्दा बढी महाधिवेशन सदस्यहरूले भाग लिएको भन्दै सो महाधिवेशनलाई वैधानिकता ठहर गरेको थियो भने निर्वाचन आयोगले समेत थापा पक्षलाई मान्यता दिएको थियो ।

निर्वाचन आयोगले थापा पक्षलाई मान्यता दिएपछि कांग्रेसका कार्यवहाक सभापति पूर्ण वहादुर खड्का सहितका नेताहरूले निर्वाचन आयोगको निर्णयको विरूद्ध सर्बोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए तर त्यो रिट निवेदनको पेशीमा चढेको छैन । थापा पक्षलाई निर्वाचन आयोगले माघ ४ गते मान्यता दिएको थियो ।

आफ्नो पक्षले मान्यता पाएपछि निर्वाचनको लागि देउवा पक्षका केही नेताहरूलाई समेटेर

>>> बाँकी ८ पेजमा

## जाँदा-जाँदै प्रधानमन्त्रीले लगाइन् कालो टिका

काठमाडौ । भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीले फागुन २१ गते प्रतिनिधिसभाको सदस्यका लागि सफलतापूर्वक निर्वाचन गराएकोमा चारैतिरबट उनको प्रससा भएको थियो । तर निर्वाचनको परिणाम आई सकेको र अबको केही दिन भित्रमा नै नयाँ सरकार गठन हुन लागेको बेलामा प्रधानमन्त्री कार्कीले आफ्नो स्वकीय सचिव आदर्श कुमार श्रेष्ठलाई प्राकृत्तिक संरक्षण कोषको अध्यक्षमा चैत्र १ गते नियुक्त गरेपछि त्यसको चौतर्फी विरोध भएको छ ।

भाद्र २१ गते जेनजीहरूको विरोध प्रदर्शनको मुख्य माग सुशासन र भ्रष्टाचार नियन्त्रण थियो । तर, निर्वाचन सम्पन्न गराएको जस पाइरहेकी प्रधानमन्त्री कार्कीले आफ्ना स्वकीय सचिव श्रेष्ठ र गृहमन्त्री ओम प्रकाश अर्याललाई राष्ट्रपतिबाट राष्ट्रिय सभामा मनोनित हुने कोटामा राष्ट्रिय सभाको सदस्यमा मनोनित गर्न चैत्र १ गतेको मन्त्रिपरिषद्को बैठकबाटै निर्णय गराएपछि त्यसको समेत विरोध भएको छ ।

निर्वाचित सरकारलाई प्रभाव पार्ने गरी प्रधानमन्त्री कार्कीले अर्याललाई मनोनित गर्ने निर्णय गराउनु र श्रेष्ठलाई प्रकृत्ति संरक्षण कोषका अध्यक्षमा नियुक्ति गर्नुले प्रधानमन्त्री कार्कीले पदबाट हट्ने बेलामा कलंकको कालो टिका लगाएकी छन् । प्रकृत्ति संरक्षण कोष ऐन २०३९ मा प्रधानमन्त्री कोषको संरक्षक रहने व्यवस्था रहेको छ । त्यही व्यवस्थालाई टेकेर प्रधानमन्त्री कार्कीले श्रेष्ठलाई नियुक्त गरेकी हुन् ।

प्रधानमन्त्री कार्कीले चैत्र १ गते राष्ट्रिय समाचार समितिलाई दिएको अन्तरवार्तामा आफ्ना स्वकीय सचिव श्रेष्ठले जीवनमा विर्सन नहुने गुन लगाएकी बताएकी थिइन् । उनले आफ्नो प्रेस सल्लाहकार रामबहादुर रावल र श्रेष्ठले त्यस्तो गुन लगाएको भनेकी थिइन् । प्रमुख स्वकीय सचिव श्रेष्ठ अदालतको नासु तहका कर्मचारी हुन् । केही समय पहिला श्रेष्ठले नै आफ्ना नातेदारहरूलाई प्रधानमन्त्रीको निजी सचिवलायमा नियुक्ति गरेको भन्दै त्यसको व्यापक विरोध भएको थियो ।

श्रेष्ठले आफ्नी श्रीमती संगीतालाई सहसचिव सरहको स्वकीय सहसचिव, नातेदार कमला श्रेष्ठसहित अरू केहीलाई नियुक्ति दिलाएको सार्वजनिक भएपछि विवाद उत्पन्न

>>> बाँकी ८ पेजमा

## रास्वपाको लोकप्रियताले होइन, बालेनले निर्वाचन जिताएका हुन्

काठमाडौ । गत फागुन २१ गते भएको प्रतिनिधिसभाको सदस्य पदको निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फका १ सय ६५ सिटमध्येमा १ सय २० सिट जित हाँसिल गरेको छ भने समानुपातिकतर्फको १ सय १० सिट मध्येमा ५७ सिट जित हाँसिल गरेर प्रतिनिधिसभाको सदस्यमा जम्मा २ सय ७५ मध्येको १ सय ८२ सिटमा जित हाँसिल गरेको छ । सरकार निर्माणका लागि एकलौटी सरकार बनाउन १ सय ३८ सांसदको आवश्यकता हुन्छ भने दुई तिहाई ल्याउन १ सय ८४ सिटको आवश्यकता हुन्छ । रास्वपाले दुई तिहाई मत पुऱ्याउन मात्र २ सिट कम रहेको छ ।

सरकार एकलौटी गठन गर्न अहिलेको संविधान अनुसार कसैले पनि १ सय ३८ को संख्या पुऱ्याउन सक्ने अवस्था नरहेको उद्घोष



संविधान विद् र राजनीतिक विश्लेषकहरूले निर्वाचन अघि बताउँदै आएका भएपनि उनीहरूको विश्लेषण अर्थविहिन भएको छ । सरकारको नेतृत्व गर्ने भन्दै निर्वाचन अघि नै रास्वपाले तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहलाई आफ्नो पार्टीमा प्रवेश गराएर भावि प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको हुनाले नै रास्वपाले ठुलो संख्यामा सांसद सदस्य जितेको हो । बालेन साहको लोकप्रियतालाई रास्वपाले यस पटक राम्ररी भजाएको छ । जनताले निर्वाचनको बेला रास्वपाबाट को उम्मेदवार बनेका छन् भन्ने हेक्का समेत नराखी घण्टी चिन्ह बालेनको हो भनेर घण्टीलाई मतदान गरेका हुन्, रास्वपालाई होइन ।

>>> बाँकी ८ पेजमा

## विश्वप्रकाशको अध्यक्षतामा कांग्रेसको बैठक बस्ने

काठमाडौ । नेपाली कांग्रेसका सभापति गगन थापाले राजीनामा दिएपछि उपसभापति विश्व प्रकाश शर्माको अध्यक्षतामा पहिलो बैठक शुक्रबार बस्ने भएको छ ।

बैठकको मुख्य कार्यसूची सभापति गगनकुमार थापाले दिएको राजीनामा र हालैको निर्वाचनमा पार्टीले भोगेको पराजयको समीक्षा रहेको छ । विशेष महाधिवेशनबाट नेतृत्वमा आएका थापाले निर्वाचनमा अपेक्षा गरे अनुसारको नतिजा नआएपछि नैतिकताका आधारमा राजीनामा घोषणा गरेका थिए ।

बैठकमा उपसभापति शर्माले निर्वाचनमा ब्यहोरेको पराजयबारे प्रारम्भिक प्रतिवेदन पेस गर्नेछन् । धेरै ठाउँबाट विवरण आउन बाँकी रहेकाले अहिले प्रारम्भिक विवरण मात्रै राखिने

>>> बाँकी ८ पेजमा

# US strategic interest in Greenland

**Ahmad Hassan**

Greenland, which was once a remote and economically marginal part of the world, has transformed remarkably in the 21st century. When the USA declared it wanted to take it for its national and strategic security in 2025, its significance further increased. The detention of the Venezuelan president, the renaming of the Gulf of Mexico as the Gulf of America was followed by growing strategic interest in Greenland. The US National Security Strategy further asserts that no foreign power will be permitted to exert influence in the Western Hemisphere. The question however arises how the frozen Greenland has become a focal point of the new cold war.

The answer is simple, that the matter is not about ice but about the rare earth ores under it. The story of the Middle East in the 20th century is that it was not strategically significant because of its deserts, but because of its vast oil reserves. Similarly, Greenland has become strategically important for all major powers because of the rare earth ores, not for its ice.

Geographically Greenland is situated between North America and Europe along the Arctic Ocean. Politically, it is a self-governing territory of the Kingdom of Denmark. Greenland has emerged as a contested space, with major powers competing for influence over its resources. Although much of the island is covered by ice, approximately 20 percent of its land remains ice-free. Interestingly, In the era of green technology, territorial control has become strategically significant, particularly a land which possess large reserves of rare earth elements (REEs). Geologically, under the ice there are three key processes: mountain building, tectonic rifting, and volcanic activity. In volcanic zones, hydrothermal fluids have led to the formation of particularly valuable rare earth elements, including niobium, tantalum, and ytterbium. The recent survey conducted by the US Geological Survey, discovered that northeastern Greenland alone may contain deposits equivalent to approximately 31 billion barrels of oil in economic value. Furthermore, Beneath Greenland's ice sheet lie three major deposits of rare earth elements, which are critical for producing batteries and electronic components used in clean energy technologies. The resources of Greenland are enough to supply more than 25 percent of future global demand. Furthermore, polar ice melting and the resulting opening of new Arctic shipping lanes enhance their importance for the major power. Due to transitional energy shifts from non-renewable to renewable energy, China's shifting its focus toward Taiwan, and Russia's war in Ukraine, it extends beyond territorial control and reflects deeper competition over strategic resources. Similarly, the USA is increasingly focusing on Greenland




to sustain its dominance amid the global shift towards technological and renewable energy.

China has extended its Belt and Road Initiative (BRI) into the Arctic by launching the "Polar Silk Road" in 2018, aiming to reduce its dependence on traditional maritime chokepoints such as the Suez Canal. Similarly, Europe and NATO have primarily relied on military measures to monitor and counter Russia's activities. Meanwhile, in Russian eyes, the Arctic Sea is a major corridor for the northern sea route and is a buffer zone against the NATO forces. To oppose the Chinese policy, the president of the USA has repeatedly asserted that the USA "needs" Greenland for international and national security, framing the territory as essential to countering Russian and Chinese presence in the region rather than simply as an ice-covered island.

Greenland is a symbol of climate change, emerging technology, and great power rivalry that are redesigning global order. For the USA, it is a gateway to technological leadership, mineral security, and Arctic dominance. Similarly, it creates opportunities and challenges for Russia and China. This shows that the era of a new cold war will not be based on conventional warfare, but there will be hybrid warfare. In this contemporary era, in which major powers work to unlock the Arctic frozen frontier to reach the minerals buried beneath its ice.

Both Denmark and Greenland opposed this, saying that the territory will not be sold or annexed. Still, the shift in US policy towards Arctic geostrategic competition reflects that it wants to counter Russian and Chinese influence in the region. The 'Donroe Doctrine' has surprised the academic circles, which wonder why Greenland holds strategic importance for the USA.

First it recalls the Monroe Doctrine of 1823 which emphasized that every state should refrain from exerting influence in the Western Hemisphere and prevent their external powers first. Secondly, the USA will reduce its dependence on China for critical rare earth minerals to advance its own technologies. Third, the GIUK (Greenland–Iceland–United Kingdom) gap in the Arctic has become a crucial strategic zone that the USA seeks to monitor for both national and international security concerns. Finally, Greenland contains substantial fresh water reserves, which the USA wants to secure. Collectively these factors also attract all major powers towards Greenland, which has become a focal point for great powers in the 21st century.

The idea of taking over Greenland originated in 2018, when a friend of the US President suggested that it would be the best deal of the 21st century. Since then, private investors formed a company in Greenland named Kobold Metals. Private investors have also launched an AI-based urban project called Praxis. The main goal of private investors was to use AI to detect critical minerals in Greenland. Meanwhile, they acquired Lake Tasersiaq to develop a hydropower project to meet Greenland's energy needs. In 2026, after the announcement about acquiring Greenland, the share price of Critical Metals Corp (CMC) rose because the company holds mining rights to Tanbreez, the world's largest rare-earth deposit. Although this appears theoretically complex, the connection between power and money exists everywhere, as the world is driven by power, and power is largely derived from wealth.

# खर्च बढेपछि २९ प्रतिशतले घट्यो प्राधिकरणको नाफा

काठमाडौं । विदेशी मुद्राको मूल्यमा आएको वृद्धि, उच्च कर्मचारी खर्च, ह्रासकट्टीलगायतका कारण चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनामा नेपाल विद्युत् प्राधिकरणको नाफामा गिरावट आएको छ । प्राधिकरणको अपरिष्कृत तथ्यांकअनुसार अघिल्लो वर्षको ६ महिनाको तुलनामा चालू आवको सोही अवधिको नाफा २९ प्रतिशतले घटेको छ । गत आवको ६ महिनामा प्राधिकरणले ११ अर्ब ३५ करोड ९२ लाख रूपैयाँ नाफा कमाएको थियो । तर, चालू आवको ६ महिनामा भने प्राधिकरणले आठ अर्ब ६ करोड ४० लाख रूपैयाँ नाफा कमाएको छ ।

गत आवमा प्राधिकरणको नाफा नौ अर्ब ६ करोड ७० लाख रूपैयाँमा सीमित भएको थियो । चालू आवमा आम्दानी बढ्दा पनि प्राधिकरणको नाफा भने घटेको हो । गत आवको ६ महिनामा ७० अर्ब ४४ करोड ३८ लाख रूपैयाँ आम्दानी हुँदा खर्च भने ५९ अर्ब आठ करोड ४६ लाख रूपैयाँ खर्च भएको थियो । चालू आवको ६ महिनामा ८५ अर्ब ३१ करोड ११ लाख रूपैयाँ आम्दानी भएको छ । तर, खर्च भने ७७ अर्ब २४ करोड ७१ लाख रूपैयाँ भएको छ ।

मुख्यतः कर्मचारी खर्च, ब्याज भुक्तानी, ह्रासकट्टी र विदेशी मुद्राको मूल्यमा आएको वृद्धिले नाफा प्रभावित भएको प्राधिकरणका लेखा विभागका निर्देशक गणेशप्रसाद लुइँटेलले जानकारी दिए । यसबिचमा प्राधिकरणको कर्मचारी खर्च बढेको छ । यसैगरी, ४०० केभीको इनरूवा–ढल्केवर प्रसारणलाइनलगायतका ४० अर्बबराबरको परियोजना सञ्चालनमा आएका छन् । त्यसमा इनरूवा–ढल्केवर प्रसारणलाइनको सम्पत्ति मात्रै २० अर्ब रूपैयाँ हाराहारीमा छ । यसरी प्राधिकरणको सम्पत्ति बढ्दा ह्रासकट्टी बढेको छ । त्यसमाथि परियोजना थप हुँदा प्राधिकरणले ऋणमा तिर्नुपर्ने ब्याज खर्च पनि बढेको छ ।

'परियोजना निर्माणाधीन अवस्थामा ब्याज खर्च परियोजना खर्चमै जोडिन्छ । निर्माण अवधिमा ब्याज नतिर्ने प्रकृतिका ऋण पनि हुन्छन् । तर, परियोजना सञ्चालनमा आएपछि त्यसको ब्याज तिर्नुपर्छ,' प्राधिकरणका एक अधिकारीले भने, 'अहिले ४० अर्ब सम्पत्तिबराबरको परियोजना सञ्चालनमा आएको छ । नियमित प्रक्रियाअनुसार त्यसको ह्रासकट्टी गर्नुपरेको छ । त्यसैगरी, परियोजना सञ्चालनमा आएपछि ब्याज खर्च पनि बढेको छ ।'

यसैगरी, डलरको मूल्यमा आएको वृद्धिले पनि प्राधिकरणले विदेशी मुद्रामा गर्नुपर्ने खर्च बढाएको छ । डलरमा आएको मूल्यवृद्धिले विदेशी ऋण भुक्तानीलगायत विदेशी मुद्रामा हुने खर्च बढेको छ । त्यसले पनि प्राधिकरणको नाफा प्रभावित भएको छ । 'आम्दानी बढेकै छ । तर, कर्मचारी खर्च, ह्रासकट्टी, ब्याज खर्च भने बढेको छ । त्यसले नाफा प्रभावित बनाएको छ,' प्राधिकरणका एक अधिकारीले बताए ।

चालू आवको ६ महिनामा भारतमा २० अर्ब ६ करोड ९३ लाख रूपैयाँको विद्युत् निर्यात भएको छ । गत आवको पहिलो ६ महिनामा १३ अर्ब नौ करोड ३९ लाख रूपैयाँबराबरको विद्युत् भारतमा निर्यात गरिएको थियो । प्राधिकरणले पुसको पहिलो सातासम्म भारतमा विद्युत् निर्यात गरेको थियो । सुक्खायामका कारण खोलामा पानी घटेर विद्युत् उत्पादन घटेपछि निर्यात रोकिएको छ । त्यसपछि भारतबाटै विद्युत् आयात गर्न सुरू गरिएको छ । पुस मसान्तसम्म मात्रै भारतबाट ९७ करोड ५३ लाखको बिजुली खरिद गरिएको छ । गत आवको पुस मसान्तसम्ममा एक अर्ब ६४ करोड ७० लाखको विद्युत् आयात गरिएको थियो । योअनुसार समीक्षा अवधिमा विद्युत् आयात घटेको देखिन्छ । प्राधिकरणले सम्भवतः जेठसम्म विद्युत् आयात गर्नेछ । वर्षा लागेपछि असारपछि भने नेपालमा विद्युत् उत्पादन बढ्छ ।


समीक्षा अवधिमा प्राधिकरणले आफ्नो सहायक तथा सम्बद्ध कम्पनीबाट दुई अर्ब आठ करोड ६८ लाख युनिट र निजी उत्पादकबाट ६ अर्ब नौ करोड ६४ लाख गरी आठ अर्ब १८ करोड ५२ लाख युनिट बिजुली खरिद गरेको छ । त्यसबापत ४५ अर्ब २४ करोड ९९ लाख रूपैयाँ भुक्तानी गरिएको छ ।




PRABHU BANK
BANK OF THE YEAR 2023
THE BANKER
BANK OF THE YEAR 2023 NEPAL

Prabhu Bank Limited
Babarmahal, Kathmandu, Nepal
P.O Box: 19441
Tel No. : +977-1-5719000
Fax No. : +977-1-4780588
Email : info@prabhubank.com
SWIFT : PRVUNPKA

# बालेन सरकार सफल हुने पाँच पाइला



• राजन कार्की
rajan2012karki@yahoo.com

रास्वपाका बरिष्ठ नेता बालेन साहले सरकार गठन गर्ने पक्का भयो । बालेन सरकार सफल हुनका लागि फुकी फुकी चाल्नुपर्ने ५ पाइला हुन्–

१. सुशासन र पारदर्शिता । यसका लागि भ्रष्टाचार र भ्रष्टाचारी नियन्त्रण, कर प्रणालीमा सुधार र प्रशासनिक प्रक्रियामा सरलता र पारदर्शि । डिजिटल शासनः ई–गभर्नेन्स विस्तार गरेर नागरिकले पाउने सेवा व्यवस्थित गर्नु ।

२. आधारभूत सेवा सुधार । नागरिकले खोजेका छन्– शिक्षा, स्वास्थ्य र रोजगारी । यसका लागि ठोस कदम चाल्नैपर्छ, लोककल्याणकारी शासन पद्धति अपनाउनैपर्छ ।

३. आर्थिक नीति । देशमै अवसर पाइन्छ, बाँच्न सकिन्छ भन्ने विश्वासको प्रत्याभूति । युवा उद्यमशीलता प्रोत्साहन, स्टार्टअप र प्रविधि क्षेत्रमा लगानी व्यापक पार्नुपर्छ । विदेशी लगानी आकर्षणः पारदर्शी कानुनी ढाँचा र लगानीमैत्री वातावरण तत्काल बनाउनुपर्छ । कृषि आधुनिकीकरण, ग्रामीण क्षेत्रलाई उत्पादन वृद्धि र बजार पहुँच पहुँचमा क्रान्ति नै ल्याउनुपर्छ ।

४. सामाजिक न्याय र समावेशीकरण । महिला, दलित, जनजाति र पिछडिएका समुदायलार्य समावेशीकरणमा जोड्नुपर्छ । राज्यका सबै सञ्जालमा जोड्नुपर्छ ।

५. दीर्घकालीन रणनीति । आन्तरिक र बाह्य नीतिलाई राष्ट्रियनीतिका रूपमा सर्वस्वीकार्य बनाउनुपर्छ । जलवायु परिवर्तनदेखि राज्यसञ्जाललाई सुधार गर्नुपर्छ । मेरो पनि सरकार हो, यो मेरो देश हो भन्ने विश्वास गाउँदेखि सिंहदरवारलाई जोड्नुपर्छ ।

६. राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर विज्ञ विशेषज्ञहरूसँग सुझाव लिएर द्वेषभाव निर्मलीकरण गर्दै प्रतिषोध, विभेदको अन्त गर्ने र देशमा शान्ति, एकता र समुन्नतिको जागरण ल्याउनुपर्छ । जनतामा उच्च आशा र अपेक्षा छ । त्यसलाई परिपूर्ति गर्ने यो मूल मन्त्र नै हो । बालेन सरकारमाथि जनताको विश्वासलाई ठोस नतिजामा रुपान्तरण गर्ने जिम्मेवारी छ । सुशासन, सेवा सुधार, रोजगारी सिर्जना र समावेशी नीतिमा ध्यान दिएर मात्र यो सरकार र रास्वपा सफल हुनसक्छ, जनमत र जनबल कायम रहनसक्छ ।

यतिबेला विश्व समाचारमा छ नेपालको राजनीतिक परिवर्तन । जेनजीले पाएको व्यापक जनादेश । दिल्लीदेखि बेइजिङ, काठमाडौंदेखि वाशिङ्टनसम्म, आजतकदेखि अलजजिरा, लण्डन टाइम्स, न्यूयोर्क टाइम्स सबैतिर नेपालमा जेनजी आन्दोलनले गरेको सत्ता परिवर्तन र निर्वाचनमा रास्वपाले ल्याएको प्रचण्ड बहुमतको चर्चा परिचर्चा भइरहेको छ । त्यापर बालेन्द्र साहले गरेको मेयरको काम, गरेको संगठन र त्यही संगठनको बलमा ल्याएको राजनीतिक परिवर्तनले ७० नाघिसकेका परिपक्व राजनीतिक नेताहरूलाई असफल पारेर किनारा लगाएको विश्लेषण भइरहेको छ । दक्षिण एसियामा नेपालमा भएको राजनीतिक परिवर्तनलाई युवामा आएको जागरूकताको परिचायक मानिएको छ । नेपालको परिवर्तनले दक्षिण एसियामा मात्र होइन, विश्वका कैयन राष्ट्रहरूमा जेनजी पुस्तामा जागरणको सञ्चार नै गर्न थालेको देखिन्छ ।

पुराना र स्थापित दलहरूले जनतालाई कमजोर ठानेर दमन नीति, लुटनीति चलाइरहे । जसको प्रतिरोधमा जेनजी पुस्ताले सफलता हासिल गऱ्यो । जेनजी आन्दोलन र बालेन्द्रसहितका रास्वपाले शासकीय पद्धतिलाई असफलता सावित गरेपछि नेपालमा उदाएको बालेन्द्र युग कसरी अघि बढ्ला, कसरी सफल होला भन्ने चुनौतीलाई समेत विश्वभरिबाट पर्यवेक्षण भइरहेको छ । नवयुवा कसरी जाग्छन्, कसरी सफल हुन्छन् भन्ने प्रेरणा नेपाल बनिरहेको सन्दर्भमा बन्न लागेको रास्वपाको सरकार र बालेन्द्र साहको प्रधानमन्त्रीत्व असफल भयो भने के हुन्छ ? यसबारेमा पनि गहन चिन्तन मनन भइरहेको देखिन्छ, सुनिन्छ । स्मरणरहोस्, जेनजीले ल्याएको परिवर्तनलाई सफल पार्ने दायित्व छ, असफल हुने छुट जेनजीले ल्याइदिएको बालेन सरकारलाई हुनेछैन ।

मर्नुभन्दा बहुलाउनु राम्रो भनेझैं पुराना स्थापित कांग्रेस, एमाले, नेकपा, मधेसवादी र जातीय दलहरु चुनावमा जनताले नपत्याएपछि अन्यौलको अँध्यारोमा छटपटाउन थालेका छन् । यो निर्वाचनपछि २०४६ सालमा उदाएका नेता र पार्टीहरु कमजोर भए, असफल भए, निर्वाचनबाट पाखा लागे । नयाँपुस्ताले सत्ता सम्हाल्न लागेका छन् । पुराना किन कमजोर भए, असफल भए, नोज डाइभ गर्न बाध्य भए ? यही कारण पत्ता लगाएर नयाँले सफल हुने साशकीय स्वरूप तय गर्नुछ । जनतामा निकै आशा छ, भरोसा छ, जनआकांक्षा पूरा गर्छन् भन्ने विश्वास छ । यो विश्वासलाई कायम राख्नका लागि नयाँपुस्ताका लागि ढुंगा चपाउनुजस्तै चुनौती छ । जेनजी पुस्ताको सरकारले चाहेको हो, गर्न सकिदो रहेछ भनेर गरेर देखाउनुपर्ने भएको छ । नेपाली जेनजी पुस्तामा आँट र अक्किल, जोश र जाँगर, क्षमता छ भनेर नेपालका पुराना पार्टीलाई मात्र होइन, विश्वलाई देखाउनु परेको छ ।

पहिलेकाले ठूलै गल्ती गरेका हुन् । निरकंकूश भएकै हुन् । पुराना दलहरूले अहंकार गरे । राजनीतिक शक्तिहरूका पहिचान त गरे तर तिनलाई निषेध र विभेदकारी व्यवहार गरे । फलतः ०४६ सालदेखिका राजनीतिक मुद्दा कायम थिए, त्यसमाथि राजतन्त्र र हिन्दुराष्ट्रको मुद्दालाई पनि संवोधन गरेनन् । पटक पटक राजतन्त्र र हिन्दुराष्ट्रको पक्षबाट उजागर भइरहेको संवाद, सहमति र सहकार्यको आवाजलाई अहं  अहंकारले थिचिरहे, मिचिरहे । जनताले जिल्ला जिल्लामा, क्षेत्र क्षेत्रमा राजतन्त्र र हिन्दुराष्ट्रको पक्षमा प्रदर्शन गरिरहे, पूर्वराजाको सम्मान र नागरिक अभिनन्दन पनि गरिरहे । यसबाट शिक्षा लिएर नेपाल निर्माताका सन्तानलाई यथा स्थान दिएको भए पुराना यसरी लज्जास्पद हारको स्थितिमा नपुग्न पनि सक्थे । जेनजी आन्दोलनले गरेका मागहरु न्यायोचित थिए, त्यसमा ध्यान दिन सकेको भए, ८ दशक पुराना दल र ७० नाघेका नेताहरूले यसरी मुख छोपेर जनादेशलाई मौनशिरोधार्य गर्नुपर्ने अवस्था आउने थिएन । पुराना दलहरूले निर्वाचन परिणाम स्वीकार गरेका छन् । शासनसत्ता चलाएको हेरौंला भन्ने भाव देखाएका छन् । यो परीक्षामा नयाँ पुस्ता खरो उत्रनेछन् भन्ने भरोसा नेपाली जनमानसमा देखिन्छ ।

ध्यान रहोस्, नयाँ पुस्ताको सरकार, बालेन्द्र साहका लागि असफल हुने छुट छैन । जनइच्छालाई संवोधन गर्नैपर्नेछ । संघीयताको खारेजीदेखि सुशासन ल्याउनैपर्नेछ । भ्रष्टाचारको अन्त्य गर्दै भ्रष्टाचारीमाथि कानुनी डण्डा चलाउनैपर्नेछ । यसका लागि प्राप्त जनविश्वास, जनाधारलाई सन्तुष्ट राख्न र पार्नका लागि देशको आवश्यकता भनेको संवाद, सहमति र सहकार्य नै हो र यही नै नयाँपुस्ताको सफलताको सूत्र पनि हो । यही माध्यमबाट हिमाल, पहाड, तराई आश्वस्त हुनेछ र सबै राजनीतिक शक्तिहरूले नयाँ पुस्ताको सरकारलाई समर्थन र सहयोग गर्न बाध्य हुनेछन् । खासगरी प्रत्येक वर्ष तैयार हुने ५ लाख युवाले यह सरकारसँग हातेमालो गर्नेछन्, जसका कारणले स्वावलम्बन र आर्थिक उन्नतिका द्वारहरु खुल्नेछन् । निर्वाचन प्रचारका क्रममा बालेन्द्र साहले कर्णाली, धनुषा, झापादेखि विभिन्न क्षेत्रमा पुगेर गरेका संक्षिप्त तर साह्रै महत्वपूर्ण विषयहरु संवोधन हुनेमात्र होइन, नेपालमा रोजगारीको ढोका खुल्दै आफ्नै देशमा गरिखान पाइन्छ भन्ने आत्मविश्वास पलाउने छ । यही जग हो नयाँ पुस्ताको । नयाँपुस्ताले आउने ५ वर्षमा जनताको आवाज अनुसारको सांवेधन गर्न सके भने अर्को ५ वर्षपछिको चुनावमा प्रतिपक्षी नै नरहने स्थिति पनि आउनसक्छ ।

यसकारण रास्वपा र बालेन्द्र साहले बिर्सनै नहुने सफलताको साँचो हो– सहमति र सहकार्यलाई अँगालेर अघि बढ्नु । संकटमा परेको राष्ट्रलाई सकुसल राष्ट्रवादसहित अवतरण गराउनु ।

विविध जाति छन्, भाषा भेष छन् । क्षेत्रीयता सरल र बिकट छ । नेपाल अनेकतामा एकता कायम गर्नुपर्ने राष्ट्र हो । यो विविधतालाई एकतावद्ध पार्ने भनेकै संवाद, सहमति र सहकार्यले हो । यही नै पद्धति सुधार, सुशासन र आर्थिक उन्नतिका आधार पनि हुन् । बालेन्द्र साहजस्ता इन्जिनियरले नेपालको राजनीतिमा गर्नुपर्ने डिजाइन यही हो । बालेन्द्र साहको सरकारको सफलतामा जेनजी आन्दोलनको अभिष्ट निहित छ भन्ने बिर्सिन पुगेमा त्यो समय नेपालका लागि अर्को दुर्भाग्य हुनजानेछ । इन्जिनियर बालेन साह र रास्वपाको राजनीतिक चेतमा जनादेशको भारी छ । सफलता मिलोस्, शुभकामना ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सबै दोष ओलीमाथि थोपर्ने रणनीतिनुसार प्रतिवेदन

*गत भाद्र २३ गते भएको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको रहस्यहरू खुल्दै जाने निश्चित जस्तै भएको छ। भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा पानी बाँड्न आएका बताउने सुदन गुरुङ लगायतका व्यक्तिहरू र भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न रहेका भनिएका सम्पूर्ण व्यक्तिहरू राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेर फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा रास्वपाबाट उम्मेदवार बनेर निर्वाचित समेत भएका छन्। भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले त्यही विरोध प्रदर्शनलाई आफ्नो व्यक्तिगत स्वार्थका लागि प्रयोग गरेको प्रष्ट हुँदै गएको छ।*

*भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न पूर्व न्यायाधिश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठन गरिएको जाँचबुझ आयोगलाई पहिला तीन महिनाको समयसीमा तोएिको थियो तर पटक पटक उसको म्याद थप गर्दै निर्वाचन सम्पन्न भै सकेपछि मात्र कार्की आयोगले प्रतिवेदन सरकारलाई बुझाउनुले त्यसको रहस्य विस्तारै खुल्दै जाने छ। आयोगले निर्वाचन अघि नै आफैं प्रतिवेदन सरकारलाई बुझाउन चाहेको थियो तर सुशिला कार्की सरकारले नै निर्वाचन पछि मात्र प्रतिवेदन बुझ्ने राय मनसाय देखाउनुको रहस्य के हो ? निर्वाचन अघि नै प्रतिवेदन बुझेर सार्वजनिक गर्दा भाद्र २३ र २४ गते भएको घटनामा संलग्न भएका व्यक्तिहरूको पोल खुल्ने र सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायतका अन्य सरकारी भवनहरूमा आगजनी र तोडफोडमा संलग्न भएका व्यक्तिहरूलाई जनताले मत नदिने भएकाले गर्दा उनीहरूलाई निर्वाचनमा जिताउनैका लागि कार्की सरकारले निर्वाचन अघि कार्की आयोगको प्रतिवेदन बुझउन चाहेको थिएन भन्ने सार्वजनिक गर्ने कुरा त पर जाओस्।*

*फागुन २१ गते सम्पन्न भएको निर्वाचनको परिणाम समेत सार्वजनिक भैसकेको र निर्वाचन आयोगले निर्वाचित सदस्यहरूलाई प्रमाण पत्र समेत दिईसकेपछि मात्र कार्की आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाउनुले प्रष्ट हुन्छ आयोगका अध्यक्ष समेत रहेका गौरीबहादुर कार्कीले त्यसबेला स्टाटसमार्फत लेखेका कुराहरू समेत अहिले प्रष्ट भएको छ। भाद्र २३ र २४ गते भएको आगजनीमा पेट्रोलियम पदार्थको प्रयोग भएको थियो भनेर नेपाली सञ्चार जगत्सहित विदेशी सञ्चार माध्यमहरूले लेखेका र समाचार प्रसारण गरेका थिए अहिले त्यसको पुष्टि भएको छ। भाद्र २७ गते मध्यरातमा असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश नेतृत्वको कार्की सरकारले सिंहदरबार, सर्बोच्च अदालत, संसद भवनसहितका धेरै सरकारी भवनहरूमा पेट्रोलियम पदार्थ प्रयोग गरेर आगजनी गरिएको हो होइन भनेर किन समयमै त्यसको छानविन गरेन ?*

*फागुन २१ मा भएको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत ल्याएर निर्वाचित भैसकेको छ। अब हिजो तिनै संसद भवन सहित सिंहदरबार जलाउनेहरू नै प्रधानमन्त्री र मन्त्री बन्ने निश्चित रहेको छ। तत्कालिन काठमाडौं महानगरका मेयर बालेन साहले त्यसैबलो सिंहदरमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए। सिंहदरबार आगजनी भयो तर उनीमाथि सामान्य सोधपुछ सम्म भएन। भाद्र २४ गतेको विध्वसात्मक घटना पछि तिनै साहले जेनजीहरूको एक समूहलाई नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर स्टाटस लेखे त्यसै कारण जेनजीहरूको एक समूह प्रधान सेनापतिसँग वार्ता गर्न पुगे। प्रधानसेनापति र बालेन साहबीचमा के सम्बन्ध रहेको थियो र साहले उनीसँग वार्ता गर भन्ने अब त्यस विषया छानविन कसले गर्ने ? बालेन साह रास्वपाका वरिष्ठ नेता रहेका र रास्वपाले झण्डै दुई तिहाई मत ल्याएर साह सहितका व्यक्तिहरू निर्वाचित भै सकेका छन् भने साह प्रधानमन्त्री बन्ने निश्चित जस्तै रहेकाले भाद्र २३ र २४ गते भएको सम्पूर्ण घटनाको दोष तत्कालिन केपी ओली नेतृत्वको सरकार त्यसमा पनि केपी ओलीमाथि थोपरेर सबै अपराधीहरूलाई उन्मुक्ति दिइने निश्चित जस्तै रहेको छ।*

*भाद्र २३ गते सहकारी ठगीमा संलग्न रहेको भन्दै अदालतको आदेशमा थुनामा रहेका रवि लामिछानेलाई जेलमुक्त गर्ने मनिष झा लगायतको सबै व्यक्तिहरू निर्वाचनमा निर्वाचित भएकाले गर्दा र कार्की आयोगको प्रतिवेदन सरकारले निर्वाचनअघि नै बुझाउँदा आगजनी तोडफोड काण्डमा संलगन भएका व्यक्तिहरूको रहस्य खुल्ने र उनीहरूलाई जनताले निर्वाचनमा पराजित गराईदिन सक्ने सूचनाकै आधारमा प्रतिवेदन सरकारले निर्वाचन अघि बुझ्न नचाहेको रहस्य खुलेको छ।*

*प्रतिवेदन निर्वाचन अघि बुझ्दा जनताले त्यसको रहस्य थाहा पाउने र एमाले अध्यक्ष केपी ओली सहित र एमाले कांग्रेस सहितका उम्मेदवारहरूले नै जित हाँसिल गर्न सक्ने सम्भावना देखिएकोले त्यसलाई रोक्न र सबै दोष ओलीमाथि लगाएर जनताको आक्रोश ओलीमाथि लगाउँदा त्यसको फाइदा रास्वपाले लिन सक्ने भएकाले निर्वाचन अघि प्रतिवेदन बुझिएन भन्ने सार्वजनिक गर्ने विषय त परै जाओस् भन्ने हामीले ठानेका छौं।*

# नयाँ सरकारका चुनौती र कार्यभार

**विष्णुहरि मरासिनी**

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलन र यसकै बलमा बनेको अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की राष्ट्रपतिबाट आफूलाई सुम्पिएको कार्यभार सम्पन्न गरी छिटै बिदा हुने संघारमा छिन् । अनेक आशंका र टिप्पणीबिच घोषित मितिमै निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराएकामा प्रधानमन्त्रीप्रति सबैको सकारात्मक टिप्पणी रहेको पाइन्छ । यस वर्षको निर्वाचनको नतिजा हेर्दा नयाँ शक्ति अर्थात् रास्वपाप्रति जनताको आकर्षण तीव्र बढेको देखियो । लगभग दुईतिहाइको बहुमत दिएर जनताले आमूल परिवर्तनका लागि स्थिर सरकारको परिकल्पना गरेको देखिन्छ । यसै सन्दर्भमा यस लेखमा अब बन्ने भावी सरकार र यसले प्राथमिकता दिनुपर्ने केही कार्यबारे संक्षिप्त समीक्षा गर्न खोजिएको छ ।

जनतामा नयाँप्रतिको आकर्षण : नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि ०४७ मा विश्वको उत्कृष्टमध्ये भनिएको संविधान घोषणा भयो । सक्रिय राजतन्त्र संवैधानिक सीमामा बाँधियो । ०४८ सालमा सम्पन्न आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरे पनि पार्टीको आन्तरिक संघर्षका कारण ०५१ मा मध्यावधि निर्वाचन भयो । निर्वाचनबाट एमालेको बढी सिट प्राप्त भए पनि सरकार अल्पमतको बन्न पुग्यो । त्यसैवेलादेखि सरकार बनाउने र गिराउने खेलमा दलहरु कुनै राजनीतिक आस्था, दर्शन या विचार नमिल्नेबिच पनि सहकार्य गर्ने र छोटो समयमै सरकार परिवर्तन गर्ने प्रक्रिया सुरू भयो । ०५२ मा सुरू भएको माओवादी सशस्त्र संघर्षले विकराल रूप लिँदै गर्दा राज्यका संस्था कमजोर हुन पुगे ।

अस्थिर सरकार, भ्रष्टाचार, चरम सत्तालिप्साका कारण सरकार जनताको सारथी बन्न सकेन । कहिले राजाको निरकुंश शासन, कहिले पार्टीको सरकार हुँदै ०६२/६३ को जनआन्दोलनपश्चात् माओवादी र राज्यपक्षबिच सम्झौता भई निर्वाचन सम्पन्न भए पनि ०६४ को निर्वाचनपछि संविधानसभाले संविधान जारी गर्न सकेन । परिणामतः पुनः ०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । सो निर्वाचनपछि गठिन संविधानसभाले संविधान निर्माण गरी जारी गऱ्यो । नयाँ संविधानले संघीय व्यवस्थासहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गर्दै ०७४ को निर्वाचनपछि झन्डै दुईतिहाइको कम्युनिस्ट सरकार बन्यो । सो सरकार पनि पटक-पटक परिवर्तन हुँदै जेनतेन संसद्ले आफ्नो कार्यकाल पूरा गऱ्यो ।

०७९ मा अर्को निर्वाचन सम्पन्न भए पनि कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेन । परिणामतः पुरानै शृंखला दोहोरिन पुग्यो । पटक-पटक सरकार परिवर्तन, व्यापक भ्रष्टाचार, सार्वजनिक सेवा प्रवाहमा सरकारको प्रभावकारिता शून्य हुँदै जाँदा जनता निकै निराश बन्दै गए । त्यसैबिच दुई ठुला दल मिली सरकार सञ्चालन गरे पनि सरकारले जनतालाई महत्व नदिई बहुमतको दम्भ प्रकट देखाउँदा जनतामा असन्तुष्टि चुलियो । विज्ञान र प्रविधिको युगमा रमाइरहेका नयाँ पुस्ता सामाजिक सञ्जाललगायत एक्कासि बन्द भएपछि विभिन्न माग लिएर सडकमा उत्रिए । प्रदर्शन हिंसात्मक बनेपछि करिब ७६ जनाले सहादत प्राप्त गरे ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिएर सुरक्षित स्थानमा भागेपछि देशमा सरकारविहीनताको अवस्था सिर्जना भयो । यस्तो विषम परिस्थितिमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बन्यो र सरकारले घोषित मितिमा निर्वाचन सम्पन्न गऱ्यो । निर्वाचनको परिणामले परम्परागत तीन ठुला दललाई कडा झड्का दिएको छ । जनता जनार्दन हुन् र लोकतन्त्रमा विश्वास गर्ने हरेकले यसलाई सहर्ष स्वीकार गरी आफूलाई परिमार्जन गर्नुपर्छ ।

नयाँ सरकारका चुनौती र आगामी कार्यभार : जनमत कहिल्यै स्थिर हुँदैन । जनता २१औँ शताब्दीका परिवर्तनका संवाहक हुन् । कसैले जनतालाई सधैँ प्रयोग गर्ने तर जनताको जीवनमा चुनाव जितेपछि फर्केर नआउने प्रवृत्तिलाई टुलुटुलु हेरेर बस्दैनन् । यस अर्थमा अब बन्ने सरकारले पनि जितको उन्मादमा भन्दा पनि विवेकपूर्ण ढंगबाट साँच्चै मेरो सरकार, मेरो गौरव भन्ने अनुभूति तीन करोड जनताले गर्ने गरी राज्य सञ्चालन गर्नुपर्छ । जनमतको आडमा पुरानै संस्कार र प्रवृत्तिमा काम गर्ने हो भने जनताले दण्डित गर्न पाँच वर्ष कुर्नैपर्दैन । तसर्थ, जनताले निर्वाचनमार्फत स्थिर सरकार, सुशासन, भ्रष्टाचार अन्त्य र गुणस्तरीय जनजीविकाको अपेक्षासहित नयाँ दललाई दुईतिहाइनिकट बहुमत दिएका हुन् । नयाँ सरको आगामी यात्रा पक्कै पनि सहज छैन, तर असम्भव पनि छैन । यस सन्दर्भमा आगामी सरकारले केही विषयलाई गम्भीरतासाथ अगाडि बढाउनुपर्छ ।

जेन-जीका माग र सहिद परिवार : भदौ २३/२४ को क्रान्तिको मुख्य कारण व्याप्त भ्रष्टाचार, सुशासन, जनताप्रतिको जिम्मेवारी र जनताको जीवनस्तरमा आएको ह्रास हो । नेताहरूको सत्ताको म्युजिकल दौड, आलोपालो राज्यको दोहन, अस्थिर सरकार, नातावाद, कृपावादसँगै तत्कालीन अवस्थामा सामाजिक सञ्जालमा गरिएको प्रतिबन्ध नै हो । सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्नु आवश्यक पनि छ । तसर्थ, अब बन्ने सरकारले कुशासन अन्त्य गरी विनाप्रतिशोध, कसैलाई काखा, कसैलाई पाखा नगरी सबैखाले भ्रष्टाचारका काण्डलाई उच्चस्तरीय आयोगमार्फत छानबिनको दायरामा ल्याउने काम अविलम्ब गर्नुपर्छ । घाइते तथा सहिद परिवारका लागि राज्यले प्राथमिकतामा राखी उपचार र रोजगारीको व्यवस्था गर्नुपर्छ । राज्यकोषबाट दिने राहतभन्दा पनि काम गर्ने वातावरण मिलाउनेतर्फ प्राथमिकता दिनुपर्छ । भदौ २३/२४ गतेको घटनाको छानबिन र त्यसबाट प्राप्त प्रतिवेदनलाई विनापूर्वाग्रह कार्यान्वयनमा लगी राज्यको सार्वजनिक र व्यक्तिगत सम्पत्तिमाथि प्रहार गर्ने व्यक्तिलाई समेत कानुनी दायरामा ल्याउनुपर्छ । कानुनको शासन मान्य छ, अराजकता र विध्वंसकारी क्रियाकलाप लोकतन्त्रमा दण्डित हुनुपर्छ ।

संविधान संशोधन र सुशासन : संविधानका आधारभूत संरचना र असंशोधनीय व्यवस्थाबाहेकका नेपालको वर्तमान संविधानमा सुधार गर्नुपर्ने विषय पहिचान गरी सबै राजनीतिक दलको सहमतिमा शासकीय स्वरूप, व्यवस्था, राज्यको संरचना, निर्वाचन प्रणाली, न्यायालयको न्यायाधीश नियुक्ति, संवैधानिक पदमा नियुक्ति तथा न्यायपरिषद्को संरचनाजस्ता विषयमा तुरून्त सुधार गर्नुपर्ने देखिन्छ । प्रदेशको संरचनामा सुधार, स्थानीय तहमा अधिकार र स्रोतको बढोत्तरी गर्नुपर्ने देखिन्छ । संघीय संरचनालाई कसरी चुस्त र दुरूस्त बनाउने र कर्मचारी शिक्षक र अन्य राज्यको तलब खाने व्यक्ति कुनै पनि दलीय आबद्धता जनाई भ्रातृ संगठनका रूपमा रहने व्यवस्था अन्त्य हुने गरी संवैधानिक र कानुनी सुधार गरिनुपर्छ । जनमुखी कानुन र संरचनागत सुधार गर्ने सन्दर्भमा विलम्ब गर्नुहुँदैन ।

शिक्षा, स्वास्थ्य र रोजगारी : जनताले सबैभन्दा पहिला गुणस्तरीय शिक्षा, स्वास्थ्य र देशमै रोजगारीको सुविधा होस् भन्ने पवित्र उद्देश्यसाथ नयाँलाई रोजेका छन् । सार्वजनिक शिक्षामा सुधार अति आवश्यक छ । निजी शिक्षा अत्यन्त महँगो र सार्वजनिक शिक्षाको गुणस्तरमा भएको ह्रासलाई तुरून्त नीतिगत र व्यवस्थापकीय सुधार गर्नु जरूरी छ । सरकारी अस्पतालमा गुणस्तरीय सेवा छैन, निजीमा उपचार गर्न क्षमता छैन । देशमा रोजगार छैन । वैदेशिक रोजगारीले परिवारमा विखण्डन ल्याएको छ । यस परिस्थितिमा तीनवटै विषयलाई सम्बोधन गर्ने गरी शिक्षा, सिप र रोजगारलाई उच्च प्राथमिकतामा राखी व्यापक सुधारको खाँचो छ । पक्कै पनि नयाँ सरकारको जोड यसमा रहनेछ ।

सार्वजनिक सेवा प्रवाहमा सुधार : सार्वजनिक सेवा सहज, सरल, कम खर्चिलो र जनताको वरिपरि घुम्ने हुनुपर्छ भन्ने मान्यता राखिन्छ । नेपालको सन्दर्भमा सार्वजनिक सेवा प्राप्त गर्न निकै कठिन कार्यविधिगत जटिलता, झन्झटिलो, नातावाद, कृपावाद, घुसखोरी, शक्ति र भनसुनजस्ता प्रवृत्तिबाट प्रभावित छन् । सरकारको कार्यकुशलता र प्रभावकारिताको मापन नै जनताको सार्वजनिक सेवामा पहुँच हो । यसमा अब बन्ने सरकारले व्यापक सुधार गरी तुरून्त परिणाम देखिने गरी कार्य गर्नुपर्छ ।

उच्च राजनीतिक संस्कारको प्रदर्शन : विजेता दलले यो पनि बिर्सन हुँदैन, जनताले गफ होइन, डेलिभरी खोजेका छन् । जनताले दल होइन मत, परिवर्तन गरेका हुन् । नयाँले केही गर्ने आसमा जनताले जुन साथ दिएका छन्, यसलाई सर्वोपरी ठानी पुराना दलले सबै बिगारे भन्ने भाष्य निर्माण गरेर अगाडि बढ्ने गल्ती अब बन्ने नयाँ सरकारले गर्नुहुँदैन । बरू पुराना दलले गरेका सकारात्मक कामको अनुसरण गर्दै कमजोरीलाई सच्याएर अगाडि बढ्नुपर्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका विजेता उम्मेदवार पनि हिजो अन्य दलमा आबद्ध व्यक्ति थिए । उनीहरु आज यता आउनासाथ सबै ठिक हुने होइन । तसर्थ, उच्च राजनीतिक संस्कार, राज्य निर्माणमा एकजुट भई यो स्वर्गजस्तो देशलाई साँच्चै गर्वलायक बनाउन सदाचार, नैतिकता र उच्च राजनीतिक संस्कार प्रदर्शन गर्नु वाञ्छनीय हुन्छ । अब, नेपालमा राजनीतिक लडाइँभन्दा पनि गरिबी, बेरोजगारी, पछौटेपनविरूद्ध युद्ध छेडेर देशलाई साँच्चै गर्व गर्नलायक बनाउने जिम्मा रास्वपाको काँधमा आएको छ ।

सन्तुलित विदेश सम्बन्ध : हाम्रो जस्तो भूराजनीतिक अवस्था रहेको देशमा सन्तुलित विदेश सम्बन्ध कायम गर्नु निकै चुनौतीपूर्ण कार्य हो । यसलाई राष्ट्रहितको प्रयोगमा कुनै उक्साहटविना कसरी सन्तुलित ढंगले अगाडि बढ्ने भनेर बहस गर्नुपर्छ । अर्थात्, खासगरी उत्तरको चीन र दक्षिणतिरको भारतसँगको हाम्रा ऐतिहासिक सम्बन्ध र दुईबिच सम्भावनाको पुलका रूपमा अगाडि बढ्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ । असमान सन्धिहरूको पुनरालोकन, खुला सिमाना र सीमा विवादको विवेकपूर्ण समाधान आजको आवश्यकता हो । साथै, दुवै राष्ट्रले गरेको आर्थिक उन्नतिसित जोडिएर नेपालको उन्नतिमा कसरी सहकार्य गर्ने भन्ने सन्दर्भमा उचित र दीर्घकालीन रूपमा सोचविचार गरी अगाडि बढ्नुपर्छ । असंलग्नताको सिद्धान्तमा रहेको नेपालको परराष्ट्र नीतिलाई सोहीबमोजिम अंगिकार गरी दुबै राष्ट्रबिच सौहार्दपूर्ण सम्बन्ध स्थापित गर्नु उपयुक्त हुन्छ ।

अन्त्यमा : विगतमा राजनीतिक दलबाट पटक-पटक धोका पाएको महसुस गरेका नेपाली जनताले यसपटक निकै ठुलो अपेक्षा गरी परिवर्तनका पक्षमा आफ्नो अभूतपूर्ण मत प्रकट गरेका छन् । यो अवस्था चानचुने नभई मतपेटिकामार्फत गरेको ठुलो क्रान्ति नै हो । तसर्थ, विगतबाट पाठ सिकेर जनताप्रति इमानदारीपूर्वक समर्पित भई यो देशको मुहार फेर्ने जिम्मा अब बन्ने सरकारको हो । नयाँ सरकारका कामबाट आगामी दिनमा नेपालले विकासको फड्को मार्ने, सुशासन स्थापना हुने, जेन-जीको बलिदानले केही हदसम्म भए पनि सार्थकता पाउने अपेक्षा आमजनताको छ । न आत्तिनु, न मात्तिनु भनेझैँ जितको उन्मादमा फेरि पुरानै दलको शैलीमा काम गर्दा क्षणिक रूपमा कसैले फाइदा पाए पनि पुनः क्षति व्यहोर्ने र प्रतिक्रान्ति हुन बेर लाग्दैन । यस तथ्यलाई आगामी सरकारले ध्यानमा राख्नुपर्ने देखिन्छ । *- नयाँ पत्रिका*

# नागरिकका आँखाबाट नेतृत्वले नहेरेको राजनीति

**केवल किरण**

राजनीतिलाई एक वाक्यमा परिभाषित गर्नुपरे सम्भवत : त्यो यस्तो हुनेछ– अरूको सेवामा आफूलाई समर्पित गर्ने कला । तर, इतिहासले बारम्बार देखाएको छ, सत्ता प्राप्तिपछि रँजनीतिले यही सिद्धान्त सबैभन्दा छिटो बिर्सिन्छ । सत्ताले नेतृत्वलाई अधिकार मात्रै दिँदैन, विशेष मनोविज्ञान पनि निर्माण गर्छ । यसलाई नैतिक नियन्त्रण र नागरिक उत्तरदायित्वले सन्तुलित नगरे अहंकारमा रूपान्तरित हुन्छ । लोकतन्त्रमा चुनावले सरकार त बनाउँछ तर शासनलाई वैधता नागरिकको विश्वासले मात्रै दिन्छ । जब नेतृत्वले नागरिकको अनुभव, पीडा र आशालाई आफ्नै दृष्टिको केन्द्रमा राख्न सक्दैन, तब लोकतन्त्रको औपचारिक संरचना बाँकी रहे पनि नागरिक र राज्यबीचको सम्बन्ध कमजोर हुन थाल्छ । शासनको वैधता नै जनताको कल्याणमा निर्भर गर्छ । पछिल्लो साढे तीन दशकको नेपाली राजनीतिक यात्रालाई नियाल्दा एउटा असहज प्रश्न बारम्बार उठ्छ– के हाम्रो राजनीति वास्तवमै नागरिकको जीवनलाई सहज गर्न जन्मिएको हो, वा सत्ता संरचनाको वरिपरि घुमिरहने शक्ति चक्र मात्रै ?

लोकतन्त्रको सार निर्वाचन मात्रै होइन, नागरिक र राज्यबीचको नैतिक सम्बन्ध हो । नागरिकले राज्यलाई अधिकार दिने र राज्यले त्यो अधिकार प्रयोगमा नागरिकप्रतिको उत्तरदायित्व स्विकार्ने सम्बन्ध नै लोकतन्त्रको आत्मा हो । जब यो सम्बन्ध कमजोर हुन्छ, लोकतन्त्रको संरचना त रहन्छ, तर आत्मा कमजोर भइसकेको हुन्छ । समकालीन राजनीतिमा धेरै नागरिकको मनमा यही प्रश्न उठिरहेको छ । नेतृत्वले वास्तवमै नागरिकको जीवन, पीडा र अपेक्षा बुझ्न खोजेको छ कि राजनीति नागरिकबाट क्रमशः टाढिँदै गएको छ ? राज्यशक्ति नागरिकको जीवन सुधार्न प्रयोग हुन्न भने त्यो शासन होइन, नियन्त्रणको साधन मात्र रहन्छ ।

राजनीतिक शक्तिले समयसँगै एउटा विशेष मनोविज्ञान निर्माण गर्छ । सत्ताको केन्द्रमा रहने हरेक नेतृत्वले समाजलाई साझेदारका रूपमा होइन, शासन गर्नुपर्ने वस्तुका रूपमा हेर्न थाल्ने जोखिम बढ्छ । यही क्षणबाट राजनीतिको धर्म सकिन्छ र नागरिकसँगको दूरी बढ्न थाल्छ । नेपालको सन्दर्भमा आलोचकहरूले बारम्बार उठाउने सवाल नै यही हो– सत्तामा पुगेपछि धेरै नेताहरू क्रमशः आमनागरिकको जीवनबाट टाढिँदै गए । भाषण र नीति दस्ताबेजहरूमा जनताको नाम कतै उच्चारण भए पनि व्यवहारमा निर्णयहरू सीमित वृत्तको हितमा गरिए । समस्या त त्यहाँ झन् जटिल भयो, जब सत्ताले ती आरोपहरूबाट आफूलाई सुधार गरेर जाने विकल्प रोजेन, प्रतिरक्षामा उत्रियो ।

राजनीतिक शक्ति नागरिकको जीवनबाट टाढिएको पहिलो संकेत नागरिकको मनोविज्ञानमा देखिन्छ । नागरिकले राज्यलाई संरक्षकका रूपमा होइन, टाढाको शक्ति केन्द्रका रूपमा अनुभव गर्न थाल्छन् । यसले लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाउँछ । खुला समाजमा आलोचना र असहमति लोकतान्त्रिक प्रक्रियाको अपरिहार्य हुन्, तर जब नागरिकलाई आफ्नो आवाज सुन्ने कोही छैन भन्ने अनुभूति हुन थाल्छ– त्यो असन्तोष क्रमशः राजनीतिक संकटमा रूपान्तरित हुन सक्छ । इतिहासले देखाएको छ, राजनीतिक संकट प्रायः आकस्मिक हुँदैन । त्यो लामो समयसम्म सञ्चय भएको असन्तोषको परिणाम हो । नागरिकको आवाजलाई बारम्बार बेवास्ता गरिँदा समाजभित्रको सुषुप्त निराशाले क्रमशः विस्फोटक रूप लिने गर्छ ।

सत्ता एक प्रकारको मादक पदार्थजस्तै हो । शासक सत्तामा बस्दै जाँदा समयसँगै आफूलाई सामान्य नियम कानुनभन्दा माथि ठान्न थाल्छ । 'देश मैले चलाएको छु' भन्ने अहंकार बढ्दै जान्छ । उसलाई लाग्छ– म जे गर्छु त्यो नै सही, राम्रो र उत्तम हो । निजी व्यवहार र लहडका लागि राज्य स्रोतको दोहन अधिकार हुँदै जान्छ । जब कसैले त्यो होइन भन्छ या जनताले विरोध गर्छन् शासकले त्यसलाई आफ्नो अस्तित्वमाथिकै खतराका रूपमा लिन्छ । र, भयको सहारा लिई नागरिकलाई अनेक भय देखाएर चुप गराउँछ । जति धेरै आफू र आफ्ना कामको विरोध हुन्छ, शासक उति नै हिंस्रक हुन्छ । उसलाई लाग्छ– अब यिनलाई काबुमा नराखे म सक्किन्छु । वरपरका सहयोगीले शासकलाई कहिल्यै सत्य सुनाउँदैनन् । जसले गर्दा शासकलाई लाग्छ– म जे गर्दै छु, त्यो सही छ, जनता मेरै जयगानमा छन्, केही असन्तुष्टि विपक्षीको हो या गुन्डागर्दी मात्र हो, जसलाई सखाप पार्नुपर्छ अन्यथा म रहन्न ।

यसले शासक र जनताबीचको दूरी अझ बढाउँछ । शासकले जति धेरै नियन्त्रण गर्न खोज्छ, समाज उति नै अस्तव्यस्त हुन्छ ।

नेतृत्वले नागरिकको आँखाबाट संसार हेर्न नसक्दा शासनको प्राथमिकता नै उल्टो हुन थाल्छ । राज्यकोष जहाँ खर्चिनुपर्ने हो, त्यहाँ खर्चिँदैन ! जहाँ खर्चिन मिल्दैन, त्यतै केन्द्रित हुन्छ । बलियो संस्थागत नियन्त्रणको अभाव र शासनको असंवेदनशीलताले सार्वजनिक स्रोतको वितरण विकृत बनाउँछ । शिक्षा, स्वास्थ्य सेवा र आधारभूत पूर्वाधारजस्ता दीर्घकालीन समृद्धिका क्षेत्रमा लगानी हुनुको सट्टा स्रोतहरू अनुत्पादक परियोजनातर्फ मोडिन्छन् ।

यसको वास्तविक चित्र कुनै सुदूर गाउँमा वर्षायाममा पानी चुहिने विद्यालयको छाना मर्मत गर्न राज्यसँग स्रोत हुन्न । कुनै सुदूर गाउँको स्वास्थ्य केन्द्रमा आधारभूत औषधि, परीक्षण उपकरण र स्वास्थ्यकर्मीको सधैं अभाव रह्‍यो । तर, त्यही गाउँको सिरानको डाँडामा छड–सिमेन्टको कुरूप 'दृश्य स्तम्भ' ठड्याउन वा कुनै मन्दिरको गजुर फेर्न कुनै स्रोत सीमितता भएन । विकासका नाममा यस्ता प्रतीकात्मक कामहरूले राज्यको प्राथमिकता नागरिकको जीवनस्तर सुधारतर्फ थिएन, शासनको गैरजिम्मेवारीको उत्कर्ष थियो ।



सार्वजनिक स्रोतको दुरूपयोग रोक्न बनेको सार्वजनिक खरिद कानुनको उपयोगमा शासनले मनपरी नै गर्‍यो । खरिद प्रक्रियामा अस्वाभाविक मूल्य वृद्धि, कम गुणस्तरका सामग्रीको आपूर्ति र कमजोर प्रविधिको खरिदले सेवा प्रवाहको गुणस्तर कमजोर हुँदा नागरिकले सेवा पाउन अतिरिक्त खर्च र झन्झट बेहोर्नुपर्ने भयो । तर, त्यसमा पनि सहज र गुणस्तरीय सेवा प्राप्त हुने सुनिश्चितता भएन । खासगरी विद्युतीय माध्यमबाट हुने काम, जसको सेवाग्राहीसँग प्रत्यक्ष सरोकार रहन्छ– त्यसमा सधैं अवरोध र स्तरहीनताले युवा सेवाग्राहीले यसको कैफियतमा मनग्यै सिकायत गरे, तर सुधार भएन । यो अवस्था प्रशासनिक कमजोरी मात्रै थिएन– शासन र नागरिकबीच कमजोर हुँदै गएको नैतिक सम्बन्धको संकेत थियो ।

सेवा प्रवाह सुधार र सुशासनको यो कडी शासनले सधैं नजरअन्दाज गर्‍यो । शासनको अनेक तहमा रहेकाले यो समस्या अनुभूत नै गर्नुपरेन किनकि तिनीहरूका काम बिनाझन्झट हुन्थे । राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र लिन या अस्पतालमा उपचारका लागि सत्ताको तल्लो पडावमा रहेको कुनै पनि व्यक्ति लाइनमा घण्टौं उभिनु नै पर्दैनथ्यो । यी प्रतिनिधि उदाहरण मात्र हुन् ।

नागरिकले यात्रार्थ सहज बाटो र सुलभ यातायात मागे, पिउने पानी मागे, बालबच्चा पढाउन विद्यालय मागे, बिरामी हुँदा अस्पताल र औषधि मागे । नागरिकले सत्ताको बागडोर मागेका थिएनन् तर पछिल्लो लामो समय नेपाली शासन यिनै विषय उपलब्ध गराउन सदीअघिको राणाशाहीभन्दा अनुदार रह्‍यो । समृद्धिको नारा दिएर गरिबी र पछौटेपनप्रति बारबार अट्टहास हाँस्यो । वर्षात्मा चुहिने विद्यालय र छाना टाल्न नसक्ने राज्यले त्यही गाउँको डाँडामा सिमेन्टको 'दृश्य स्तम्भ' बनाउँछ । आधारभूत औषधि नभएको स्वास्थ्य केन्द्र छोडेर मन्दिरको गजुर फेर्छ । यस्तो प्राथमिकता संसारका कुनै पनि सत्ताले विरलै लिएको होला । यो सबै सत्ताको संवेदनहीनता परीक्षण थियो तर सत्ता सधैं यसकै पक्षमा उभियो ।

राजनीति मूलतः नैतिक जिम्मेवारीको क्षेत्र हो । सत्ता प्राप्त गर्नु राजनीति होइन, सत्ता प्रयोग गर्दा समाजको हितलाई प्राथमिकता दिनु नै वास्तविक राजनीति हो । शासन केवल सत्ता सञ्चालन होइन, समाजलाई सही मार्गमा हिँडाउने कला हो । शासनको उद्देश्य शान्ति, सद्भाव र नैतिक समाजको निर्माण हुनुपर्छ । विश्व इतिहासमा केही नेताहरूले यही नैतिक दृष्टिको उदाहरण प्रस्तुत गरेका छन् । दक्षिण अफ्रिकामा रंगभेद अन्त्य भएपछि नेल्सन मण्डेला सत्तामा पुगे । उनीसँग प्रतिशोधको बाटो रोज्ने विकल्प थियो । तर, मेलमिलाप र राष्ट्रिय पुनर्निर्माणको बाटो रोजे । यसले देखायो कि नेतृत्वको महानता शक्ति प्रयोगमा होइन, नैतिक संयममा हुन्छ । चेक राष्ट्रपति वाक्लाभ हावेलले पनि राजनीतिमा नैतिकताको अभावलाई लोकतन्त्रको सबैभन्दा ठूलो संकट मानेका थिए । उनका अनुसार, सत्ता यदि नैतिक नियन्त्रणबाट मुक्त भयो भने त्यो अन्ततः समाजकै लागि विनाशकारी हुन्छ । नेपालको सन्दर्भमा पनि यही प्रश्न उठ्छ– हाम्रो राजनीति कति नैतिक रह्‍यो ? जब राजनीति नैतिक मूल्यभन्दा पर पुग्छ, तब लोकतन्त्रको गुणस्तर पतनोन्मुख हुन थाल्छ ।

राज्य सञ्चालनका लागि सत्तामा पुगेका व्यक्तिहरूले सार्वजनिक स्रोतलाई कसरी प्रयोग गर्छन् भन्ने विषयबाट राजनीतिक नेतृत्वको परीक्षण हुन्छ । यदि राज्यकोष निजी वा दलगत स्वार्थका लागि प्रयोग हुन थाल्यो भने त्यो लोकतन्त्रको गम्भीर विकृति हो । विश्वका धेरै देशमा यस्तो भएको छ, नेपाल अछुतो रहने भएन । धेरै राजनीतिक निर्णय नागरिकको दैनन्दिनभन्दा टाढा सत्ताका साँघुरा गल्लीबाट गरिए । राज्यकोष र अन्य राजकीय स्रोतको मनमौजीमा हामीले नीतिको अति पतन भएका अनेक मुलुकलाई समेत धेरै पछि पारेकै हौं ।

यस्तै सत्ताधारीले राजकीय संस्थाहरू जस्तै– सुरक्षा निकाय, प्रशासन वा न्याय प्रणालीलाई आफ्नै संरक्षणको साधन बनाउँछन् । सार्वजनिक सेवामा दलीयकरण र वृत्तिपथकै अभ्यास गरियो । यस्तो अवस्थामा संस्थाको निष्पक्षता मात्र कमजोर हुने नभई सेवा सुविधाको वितरण र कानुन कार्यान्वयन नराम्ररी प्रभावित हुन्छ । लोकतन्त्रको आधार हल्लिने प्राथमिक विन्दु नै यही भएको अब आएर अनुभूत गर्दै छन् दलहरू सायद । राजनीतिक विज्ञानले संस्थागत कब्जा भन्ने यो अवस्थामा राज्यका संस्थाहरू सार्वजनिक हितभन्दा बढी सत्ताधारीको हितमा काम गर्छन् । बहुदलीय व्यवस्थाको पुनर्प्राप्तिपछि सत्तासीन राजनीतिक दलहरूले यसलाई अधिकार सम्झन थाले । गणतन्त्रोत्तरकालमा त यो नियमित वृत्तिकै तहमा पुग्यो । संसद् र सरकारभन्दा बाहिर रहँदा पनि सत्तामा स्थायी कब्जाका लागि यो निर्विकल्प बन्यो । कतिपय दलले त यसमा महारथ नै हासिल गरे । जब संस्थाहरू निष्पक्ष रहँदैनन्, नागरिकको विश्वास पनि कमजोर हुन्छ । लोकतन्त्र नेताहरूमा होइन, संस्थाहरूमा टिकेको प्रणाली हो । संस्थागत क्षय लोकतन्त्रको गम्भीर चुनौती हो ।

लोकतन्त्रमा असहमति र विरोध किमार्थ खतरा होइन । यो त लोकतन्त्रको स्वास्थ्यको संकेत हो । जब नागरिकले आफ्ना असहमति खुला रूपमा व्यक्त गर्न पाउँछन्, त्यो लोकतान्त्रिक समाजको शक्ति हो । तर, जब राज्यले असहमत आवाजलाई सुरक्षा चुनौतीका रूपमा व्याख्या गर्न थाल्छ, त्यो लोकतन्त्रका लागि गम्भीर चेतावनी हुन्छ ।

इतिहासले देखाएको छ– युवाहरूको आन्दोलनले धेरै परिवर्तन जन्माएका छन् । विश्वका विभिन्न देशमा आर्थिक संकट, भ्रष्टाचार वा राजनीतिक असन्तोषका कारण नागरिक सडकमा उत्रिएका छन् । कतिपय अवस्थामा राज्यले संवादको बाटो रोजेर संकटलाई समाधान गरेको छ । तर, जब राज्यले संवादको सट्टा दमनको बाटो रोज्छ, त्यसले संकटलाई गहिरो बनाउँछ । विद्रोह प्रायः आकस्मिक हुँदैन । त्यो लामो समयसम्म सुन्न नसकिएको आवाजको राजनीतिक अभिव्यक्ति हो । हामीले देखेको पछिल्लो जेन–जी विद्रोहलाई स्वाभाविक मात्रै नभई अपरिहार्य थियो भनेर स्वीकार गर्न हिचकिचाउनु पर्दैन ।

कतिपय अवस्थामा राज्यले ती आन्दोलनहरूलाई सुरक्षा चुनौतीका रूपमा हेरेर कठोर दमन गरेको पनि छ । राज्य प्रणालीमा अपेक्षित लोकतान्त्रिक सुधारको माग गर्दै प्रदर्शन गरेका विद्यार्थीलाई तियानमेन स्क्वायरको प्रदर्शनमा सैन्य बल प्रयोग गरेर दबाइएको घटना आजसम्म विश्व राजनीतिमा राज्य र नागरिकबीचको सम्बन्धबारे गहिरो बहसको विषय बनेको छ । त्यस्तै, अरब विश्वमा भएको अरबी वसन्तको प्रारम्भिक चरणमा पनि धेरै देशमा युवा र विद्यार्थीले परिवर्तनको माग गरेका थिए । कतिपय सरकारले ती आन्दोलनलाई संवादको माध्यमबाट सम्बोधन गर्ने प्रयास गरे तर कतिपयले कठोर दमन गरेर । जब राज्यले आफ्नै नागरिकप्रति बल प्रयोग गर्छ, तब त्यो केवल राजनीतिक घटना हुँदैन– राज्य र समाजबीचको विश्वासमा गहिरो चोट हुन जान्छ ।

इतिहास साक्षी छ– परिवर्तनको लहर शक्तिशाली हुन्छ तर त्यसको संस्थागत आधार बलियो छैन भने त्यो दीर्घकालसम्म टिक्न सक्दैन । फ्रान्सेली क्रान्तिले राजतन्त्र समाप्त गर्‍यो तर त्यसपछि फ्रान्सले लामो राजनीतिक अस्थिरता भोग्यो । अरबी वसन्तले मध्यपूर्वमा परिवर्तनको लहर त ल्यायो तर धेरै देशमा स्थायी लोकतान्त्रिक संरचना निर्माण गर्न कठिन मात्रै भएन, परिवर्तनहरू पनि स्थायी भएनन् । कतिपय देशमा राजनीतिक अस्थिरता बढ्यो, कतै त पुराना संरचना नयाँ रूपमै फर्किए । यसको महत्त्वपूर्ण पाठ फगत परिवर्तनको ऊर्जा मात्रै पर्याप्त हुँदैन । त्यसलाई टिकाउने, अड्याउने संस्थागत आधार पनि त्यतिकै आवश्यक हुन्छ भन्ने हो ।

त्यस्तै, युरोपमा आर्थिक संकटपछि नयाँ राजनीतिक शक्तिहरू उदाए । ग्रीसमा एलेक्सिस सिप्रासको नेतृत्वमा नयाँ राजनीतिक आन्दोलनले सत्ता त प्राप्त गर्‍यो । तर आर्थिक संरचनाको जटिलताले अपेक्षित परिवर्तनहरू कार्यान्वयन गर्न कठिन भयो ।

नेपालको राजनीतिक अनुभवले प्रश्न उठाउँछ– परिवर्तनका अनेक आन्दोलन त भए तर संस्थागत सुधार र राजनीतिक संस्कृतिको विकास कति भयो ? नेपालमा २००७ को आन्दोलनले परिवर्तनको 'पूर्ण धक्का' दिएन । तत्कालीन शासक र विद्रोहीको संयुक्त सरकार बन्नुले पुरानै सत्ताको निरन्तरता पोषण गर्‍यो । २०३६ को जनमत संग्रहले भएकै व्यवस्थामा झिना सुधार मात्रै गर्‍यो । २०४६ को परिवर्तनले २०१५ कै व्यवस्थाको पुनःस्थापना मात्रै गरेन, केही समयपछि साविककै शासकहरू नयाँ व्यवस्थामा मुख्य निर्णयकर्ता बने । १० वर्षको 'जनयुद्ध' २०६२/६३ मा सम्झौताबाट टुंग्याउँदा पनि नयाँ र पुरानाको समिश्रण मात्रै बन्यो । राजसंस्थाको समाप्तिबाहेक संविधानसभा र संघीय गणतन्त्रसम्मको संक्रमण नयाँ र पुरानाको अप्राकृतिक मिश्रण भएर रह्‍यो । गणतान्त्रिक व्यवस्था र संघीय शासन प्रणालीको सघन जनसञ्चार पनि गरिएन । यसको कार्यान्वयनका लागि नोकरशाहीलाई कुनै अभिमुखीकरण गरिएन ।

तर, अहिले २०८२ को परिवर्तनले हालसम्मका परिवर्तनबाट पाठ सिकेर राम्ररी र रूपान्तरणकारी धक्का दिन सक्ने थियो । जनधनको ठूलो क्षति अहम् भए पनि यसले संसद् विघटन र त्यसैको पुनः चुनावबाहेकको कुनै ठूलो धक्का दिएन, जसको जरूरत थियो । निर्वाचनले पुरानो सत्तालाई विस्थापन गरे पनि स्थायी राज्य संरचना र नागरिको चेतनाको गुणवत्ताले शासनको वितरण क्षमतामा सुधार हुन दिँदैन । यो निर्वाचनको नतिजाले रूपान्तरणकारी परिवर्तनका लागि पर्याप्त सम्भावना र सहज मार्ग देखाएको छ । तर, प्रत्येक परिवर्तनपछि संस्थागत सुधार र राजनीतिक संस्कृतिको रूपान्तरण अपेक्षाअनुसार हुन सकेन भने यो नेतृत्वको असफलता त हुँदै हो, शिक्षा र चेतनाले समुदायको अभिमुखीकरण कसरी गरिरहेको छ भन्ने विषय पनि अहम् हो ।

यस्तै परिवर्तन र स्थायित्वको एउटा महत्त्वपूर्ण पाठ हुन्छ– यो केवल पुरानो संरचना हटाउने प्रक्रिया मात्र होइन । अझ नयाँ र थप उत्तरदायी संस्था निर्माण गर्ने प्रक्रिया पनि हो । इतिहासले धेरै पटक देखाएको छ– परिवर्तनको निर्णायक शक्ति अन्ततः जनता नै हुन् तर यसलाई स्थायी बनाउन राजनीतिक नैतिकता, जवाफदेहिता र नागरिकप्रतिको संवेदनशीलता अपरिहार्य हुन्छ ।

समसामयिक विश्वमा सामाजिक सञ्जालले राजनीति र नागरिकबीचको सम्बन्धलाई नयाँ रूप दिएको छ । सूचना अब केवल राज्य वा मिडियाको नियन्त्रणमा छैन । नागरिकहरूले तुरुन्त प्रतिक्रिया दिन सक्छन् । तर, यसको चुनौती पनि छ । सामाजिक सञ्जालले कहिलेकाहीँ जटिल राजनीतिक प्रश्नलाई अत्यन्त सरल र भावनात्मक बहसमा रूपान्तरण गर्छ । अब यसको तीव्र सञ्चार सक्षमताको उपयोगबाट लोकतन्त्रको सुदृढीकरण गर्ने युग हो । त्यसैले आधुनिक लोकतन्त्रमा डिजिटल साक्षरता र नागरिक शिक्षा एवं यस माध्यमबाट जिम्मेवार सार्वजनिक बहस अत्यन्त आवश्यक छ । यदि राज्यले सूचना नियन्त्रण गर्ने प्रयास मात्र गर्छ भने त्यो समस्याको समाधान होइन, अविश्वास र दूरी बढ्ने जोखिमको कारण हुन्छ । के हामीले त्यो जोखिम देखेनौं र ? तर यसको प्रयोगमा नेपाली समाजले स्व–अनुशासन र पर–मर्यादा पूर्ण रूपमा गुमाएको छ । यो समाज र राजनीतिका लागि ठूलो त्रासदी हो ।

डिजिटल माध्यममा जसको सञ्चार पहुँच छ, उसले सूचनामा पहिलो र सहज पहुँच राख्छ । नेपाली समाजमा यसको पहुँच स्वसामर्थ्य र पारिवारिक सरसहयोगबाट सम्पर्कका लागि भएको छ । परिवारको सरसहयोगमार्फत पहुँच डायस्पोरा र श्रम आप्रवासीबाट प्राप्त भएको हो । नेपालको समसामयिक राजनीति र लोकतन्त्रमा 'डीः २ डी' अर्थात् डेमोक्रेसी : डिजिटल र डायस्पोराको ठूलो भूमिका देखियो । पछिल्लो चुनावमा यो भूमिका निर्णायक रहेको छर्लङ्ग छ । पछिल्लो केही समयदेखि राजनीतिका पुरातनकर्ताहरू सामाजिक सञ्जालका अनेक माध्यममा जोडिन त जोडिए तर यसको प्रयोगको चातुर्य र त्यसले गर्ने सञ्चारको वेगलाई अन्दाज नै गर्न सकेनन्, अझै लामो समयसम्म सक्दैनन् पनि । यसबाट हुने सञ्चार र प्रभाव यिनको वशमा देखिएन ।

अन्ततः राजनीति दृष्टिको प्रश्न हो । नेतृत्वले समाजलाई कसरी हेर्छ भन्ने विषयले शासनको चरित्र निर्धारण गर्छ । नेतृत्वले समाजलाई केवल चुनावी गणितका रूपमा हेर्छ भने लोकतन्त्र सीमित हुन्छ । तर, उसले नागरिकको जीवन, संघर्ष र आकांक्षालाई केन्द्रमा राख्छ भने राजनीति सामाजिक परिवर्तनको माध्यम बन्छ । नेतृत्वको दृष्टि आँखाले हेर्ने अन्तिम छेउसम्म मात्रै हुनु नै समस्या भयो । देखिने सतहको अन्तिम छेउभन्दा पर हेर्ने क्षमता नै नेतृत्वको वास्तविक कसौटी हो ।

नागरिकको आँखाबाट संसार हेर्ने क्षमता राजनीतिज्ञको प्रथम र प्राथमिक योग्यता हो । हिजोको राजनीति र राजनीतिज्ञले यसलाई हासिल नै गर्न सकेनन् । धेरैमा यो क्षमता पनि थिएन । सम्भवतः धेरैले यो क्षमताका लागि काम नै गरेनन् । अब के हुन्छ ? अबको सत्ताले कसो गर्छ ? त्यो त हेर्न बाँकी नै छ तर जब शासनले नागरिकको आँखाबाट संसार हेर्न छोड्छ तब लोकतन्त्रको संरचना त बाँकी रहन्छ तर आत्मा हराउन थाल्छ ।

नेपाल आज सम्भवतः एउटा महत्त्वपूर्ण तर फरक राजनीतिक मोडमा उभिएको छ । नागरिकहरू परिवर्तन चाहन्छन् तर त्यो परिवर्तन केवल नेतृत्व परिवर्तनमा सीमित नहोस् भन्ने अपेक्षा पनि राख्छन् । हिजो भएका कुनै परिवर्तनभन्दा बढी अपेक्षा राखिएको परिवर्तन छ अब । तर, लोकतन्त्रको भविष्य कुनै एक दल, नेता वा चुनावले मात्रै निर्धारण गर्दैन । त्यसको भविष्य निर्धारण हुन्छ राजनीतिक संस्कारले, संस्थागत मजबुतीले र नागरिकप्रतिको उत्तरदायित्वले । नेतृत्वले नागरिकलाई केवल मतदाताका रूपमा मात्र देख्यो भने लोकतन्त्रको सम्भावना सीमित र क्षीण हुनेछ । तर, नेतृत्वले नागरिकलाई लोकतन्त्रको वास्तविक स्वामीका रूपमा स्वीकार गर्न सिक्यो र सक्यो भने मात्रै राजनीति समाज परिवर्तनको शक्तिशाली माध्यम बन्न सक्छ ।

समसामयिक राजनीतिक इतिहासले एउटा गहिरो सत्य देखाएको छ– सत्ता अन्ततः स्थायी हुँदैन तर नागरिकको विश्वास स्थायी हुन्छ । त्यसैले लोकतन्त्रको सबैभन्दा ठूलो चुनौती चुनाव जित्नु होइन, नागरिकको विश्वास जित्नु हो । चुनावमा पाएको मत नागरिकको विश्वास होइन, नागरिकको विश्वासलाई सार्थक बनाउने प्राधिकार मात्र हो । लोकतन्त्र टिकाउने शक्ति संविधानमा मात्र हुँदैन, त्यो शक्ति नेतृत्वले नागरिकको आँखाबाट संसार हेर्न सिकेपछि मात्र जन्मिन्छ । नेतृत्वले नागरिकको आँखाबाट संसार हेर्न सकेन भने इतिहासले उसलाई नेता होइन, अवसर गुमाएको अज्ञानी शासकका रूपमा सम्झनेछ ।

अन्ततः प्रश्न अत्यन्त सरल छ– के अबको राजनीति नागरिकको आँखाबाट संसार हेर्न तयार छ ? - *कान्तिपुर*

# जेन-जी आन्दोलनको क्षतिपछि
# विदेशी लगानीमा चरम निराशा

काठमाडौं । २३ र २४ भदौको जेन-जी आन्दोलनपछि वैदेशिक लगानी प्रतिबद्धतामा चरम निराशा देखिएको छ । साउन र भदौ महिनाको तुलनामा असोजयता वैदेशिक लगानी प्रतिबद्धता घट्दो क्रममा देखिएको छ । त्यसमा फागुनमा चालू आवकै सबैभन्दा कम लगानी प्रतिबद्धता आएको उद्योग विभागको तथ्यांक छ ।विभागका अनुसार फागुनमा ३० परियोजनामा ३८ करोड ६० लाख रूपैयाँबराबरको मात्रै वैदेशिक लगानी प्रतिबद्धता आएको छ, यो चालू आवको अन्य महिनाहरूको तुलनामा सबैभन्दा कम हो । यस अवधिमा अटोमेटिक रूटबाट २६ परियोजनामा १८ करोड ७० लाख र स्वीकृत मोडेलबाट चार परियोजनामा १९ करोड ९० लाख रूपैयाँ लगानी प्रतिबद्धता आएको हो । गत आवको फागुनमा ४० परियोजनामा १७ अर्ब ७९ करोड ८६ लाखबराबरको लगानी प्रतिबद्धता आएको थियो ।

विभागका अनुसार चालू आवको साउनमा एक सय २७ परियोजनामा २४ अर्ब १० करोड ५० लाख रूपैयाँको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । त्यसपछि भदौमा १०९ परियोजनामा आठ अर्ब ९८ करोड ७० लाख रूपैयाँ लगानी प्रतिबद्धता आएको देखिन्छ । असोजमा भएको आन्दोलनपछि भने लगानी प्रतिबद्धता घट्दो क्रममा छ । असोजमा ७५ परियोजनामा दुई अर्ब चार करोड ५७ लाख, कात्तिकमा ७१ परियोजनामा एक अर्ब ५४ करोड ३९ लाख र मंसिरमा ५६ परियोजनामा एक अर्ब ९१ करोड ४९ लाख रूपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । त्यसपछि पुसमा ३९ परियोजनामा ५९ करोड ९५ लाख रूपैयाँ, माघमा ४९ परियोजनामा एक अर्ब चार करोड ७२ लाख रूपैयाँ र फागुनमा ३० परियोजनामा ३८ करोड ६० लाख रूपैयाँ लगानी प्रतिबद्धता आएको छ ।

चालू आवको पहिलो आठ महिनामा पाँच सय ५४ परियोजनामा ४० अर्ब ६६ करोड ९३ लाखबराबरको लगानी प्रतिबद्धता आएको छ । यो गत आवको सोही अवधिको तुलनामा संख्याका आधारमा बढी भए पनि रकमका आधारमा भने कम हो । गत आवको पहिलो आठ महिनामा चार सय २७ परियोजनामा ४४ अर्ब ६६ करोड तीन लाख ७३ हजार रूपैयाँ लगानी प्रतिबद्धता आएको थियो । गत आवभर भने आठ सय ४० परियोजनामा ६४ अर्ब ९६ करोड ५१ लाख ४३ हजार रूपैयाँ लगानी प्रतिबद्धता आएको थियो । समीक्षा अवधिमा साना पाँच सय ३७, मझौला आठ र ठुला आठ परियोजनामा वैदेशिक लगानी प्रतिबद्धता आएको छ ।

विभागका महानिर्देशक जितेन्द्र बस्नेतले जेन-जी आन्दोलनको असरले वैदेशिक लगानी प्रतिबद्धता प्रभावित भएको बताए । 'माघ-फागुनको समयमा चीनमा चाडपर्व हुँदा चिनियाँ लगानी नआउने नै रहेछ । तर, यसपालि त्यो झन् कम भएको छ । जेन-जी आन्दोलनले नेपालमा लगानी सुरक्षाको चुनौती देखायो । त्यसपछि लगानीकर्ता सोधपुछका लागि आउने गरेका छन् । तर, लगानी प्रतिबद्धता गरेका छैनन्,' उनले भने, 'संख्याका आधारमा प्रतिबद्धता उच्च छ । तर, रकमका आधारमा कम छ । हामीलाई रकमका आधारमा पनि लगानी प्रतिबद्धता चाहिन्छ ।' कपितय विदेशी लगानीकर्ता चुनावसम्म पर्ख र हेरको अवस्थामा पनि बसेको उनले बताए ।

आन्दोलनका क्रममा उद्योग तथा व्यवसायीमाथि पनि आक्रमण भयो । चन्द्रागिरि केबलकार, हिल्टन होटेल, भाटभाटेनी सुपरमार्केटजस्ता व्यवसायमा आक्रमण भयो । व्यवसायीका घरमाथि समेत आक्रमण भयो । त्यसले लगानीको सुरक्षामा चुनौती देखाएको छ । अहिले विभागमा धाउने विदेशी लगानीकर्ताले सोधपुछमा यस विषयलाई विशेष चासोका साथ सोधपुछ गर्दै सुरक्षाको ग्यारेन्टीसमेत खोजेका छन् ।

महानिर्देशक बस्नेतले अब विदेशी लगानी प्रतिबद्धता बढ्ने बताए । 'केही लगानीकर्ता चुनावसम्म पर्ख र हेरको अवस्थामा थिए । गत २१ फागुनमा चुनाव शान्तिपूर्ण ढंगले सम्पन्न भयो । त्यसमा राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत आएको छ,' उनले भने, 'अब एकल र स्थायी सरकार बनेपछि त्यसले विदेशी लगानीमा सकारात्मक प्रभाव पार्ने आशा छ ।'

समीक्षा अवधिमा कृषि क्षेत्रमा सबैभन्दा धेरै २१ अर्ब ९० करोड ८० लाख रूपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । १४ परियोजनामा साबराबरको लगानी प्रतिबद्धता आएको हो । यस्तै, पर्यटनमूलक क्षेत्रका एक सय ५५ परियोजनामा ११ अर्ब २० लाख ५० हजार रूपैयाँबराबरको लगानी प्रतिद्धबता आएको छ ।

यस्तै, सेवा क्षेत्रका ३८ परियोजनामा तीन अर्ब ६२ करोड ८० लाख रूपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ । यस्तै, उत्पादनमूलक क्षेत्रका ३७ परियोजनामा दुई अर्ब ५२ करोड ५६ लाख रूपैयाँ, ऊर्जाका एक परियोजनामा १८ करोड ४२ लाख, खनिज दुई परियोजनामा ११ करोड ५० लाख रूपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ ।संख्याका आधारमा सूचना प्रविधि क्षेत्रमा धेरै आकर्षण देखिएको छ । सूचना प्रविधिका तीन सय सात परियोजना एक अर्ब ३० करोड ६४ लाख ३६ हजार रूपैयाँ लगानी प्रतिबद्धता आएको छ ।

अब सरकारले नेतृत्व गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशी लगानीको प्रक्रियालाई 'वान-स्टप' बनाउने बताएको छ । 'स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउनुनपर्ने व्यवस्थासहित वान-स्टप सेवा केन्द्रको कार्यान्वयन गर्छौं,' पार्टीको घोषणापत्रमा भनिएको छ ।

उक्त निकायले परियोजना स्थल उपलब्ध गराउने, वन तथा वातावरणसम्बन्धी स्वीकृति प्रक्रिया सहज र समयबद्ध रूपमा पूरा गराउने, तथा स्थानीय तह र सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गर्ने रास्वपाको भनाइ छ । 'साथै, लगानी सहजीकरणका लागि आवश्यक कानुन, नियमावली तथा कार्यविधि निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्छौं । डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क रूपमा व्यवसाय दर्ता गराउँछौं,' रास्वपाको घोषणापत्रमा भनिएको छ । योअनुसार अब विदेशी लगानी आकर्षित हुने अपेक्षा गरिएको छ ।

# सामाजिक सञ्जाल र एडसेन्स विज्ञापनबाट
# भित्रिने विदेशी मुद्रा २६ प्रतिशतले बढ्यो

काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो सात महिनामा युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जाल र त्यसमा आउने एडसेन्स विज्ञापनसहित अडियो-भिडियो सेवाबाट साढे दुई अर्ब रूपैयाँ विदेशी मुद्रा नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकबाट प्राप्त माघ मसान्तसम्मको तथ्यांकअनुसार यस्तो प्रविधिमार्फत दुई अर्ब ४९ करोड ३७ लाख रूपैयाँबराबरको विदेशी मुद्रा भित्रिएको हो । जुन गत आवको सोही अवधिको तुलनामा २५.७६ प्रतिशतले बढी हो । गत आवको पहिलो सात महिनामा यसबाट एक अर्ब ९८ करोड २८ लाख रूपैयाँ भित्रिएको थियो । गत आवभर भने यस्तो सेवाबाट तीन अर्ब ५३ करोड तीन लाख रूपैयाँ भित्रिएको थियो ।

नेपाल राष्ट्र बैंकले गत आवदेखि युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालको एडसेन्स विज्ञापनसहित अडियो-भिडियो सेवाबाट नेपाल भित्रिने र बाहिरिने रकमको तथ्यांक छुट्याएर राख्न थालेको छ । विगतमा यसरी पैसा नेपाल भित्रिए पनि छुट्टै तथ्यांक थिएन । गत आवदेखि राष्ट्र बैंकले यस्तो तथ्यांक छुट्याएर राख्न सुरु गरेको हो । समीक्षा अवधिमा यही शीर्षकमा नेपालबाट बाहिरिने रकम २४.३३ प्रतिशतले घटेको छ । गत आवको पहिलो सात महिनामा यसबाट ६७ करोड ६९ लाख रूपैयाँ बाहिरिएको थियो । चालू आवको सात महिनामा भने ५१ करोड २२ लाख रूपैयाँ बाहिरिएको छ । समीक्षा अवधिमा यस्तो सेवा व्यापारमा नेपाललाई एक अर्ब ९८ करोड १५ लाख रूपैयाँ बचत भएको छ । गत आवभर भने यसमार्फत ७८ करोड ९० लाख रूपैयाँ बाहिरिएको छ । गत आवमा यसमा नेपाललाई दुई अर्ब ७४ करोड १३ लाख रूपैयाँ बचत भएको थियो । अडियो-भिडयो सेवा शीर्षकमा यो तथ्यांक समावेश गरिएको हो । त्यसमा अधिकांश युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जाबाट आउने रकम रहेको छ ।

यसअन्तर्गत चालू आवको साउनमा २८ करोड १७ लाख रूपैयाँ भित्रिएको छ । त्यसपछि भदौमा २७ करोड आठ लाख रूपैयाँ, असोजमा २९ करोड १७ लाख रूपैयाँ, कात्तिकमा ३५ करोड ५५ लाख रूपैयाँ र मंसिरमा ३८ करोड २२ लाख रूपैयाँ भित्रिएको छ ।

यसैगरी, पुसमा ४५ करोड ९१ लाख रूपैयाँ र माघमा ४५ करोड २८ लाख रूपैयाँ भित्रिएको छ । तथ्यांकअनुसार गत आवको साउनमा २३ करोड आठ लाख रूपैयाँ, भदौमा २६ करोड ८९ लाख रूपैयाँ, असोजमा २७ करोड १८ लाख रूपैयाँ, कात्तिकमा २६ करोड १५ लाख रूपैयाँ र मंसिरमा ३० करोड ८० लाख रूपैयाँ भित्रिएको थियो । गत आवको पुस र माघमा भने क्रमशः २४ करोड ९८ लाख रूपैयाँ र माघमा २९ करोड १९ लाख रूपैयाँ भित्रिएको थियो । तोकिएका विभिन्न मापदण्ड पुगेपछि युट्युब च्यानल, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छ । त्यसपछि सम्बन्धित खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा निश्चित रकम आम्दानी हुन्छ । यसैगरी फेसबुक, टिकटकमा एक प्रयोगकर्ताले अर्को प्रयोगकर्तालाई दिइने गिफ्ट तथा स्टारका आधारमा पैसा पनि आउँछ । युट्युबजस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीले विज्ञापन परिचालन गरिरहेका हुन्छन् । त्यो विज्ञापन परिचालन गरिदिएबापत खातावालालाई उनीहरूले निश्चित रकम दिन्छन् । त्यसरी कमाइने पैसा बैंकिङ च्यानलमार्फत भित्रिन्छ । हरेक महिना यसबापतको रकम खातावालाको बैंक खातामा आउँछ ।

पछिल्लो समय नेपालमा युट्युबमा विभिन्न प्रकृतिका भिडियो कन्टेन्ट राख्ने प्रवृत्ति बढ्दै गएको छ । फिल्म, म्युजिक भिडियो, भिडियो अन्तर्वार्ता, समाचारलगायतका कन्टेन्ट पनि युट्युबमा राखिन्छ । त्यसमा एडसेन्समार्फत भिडियोमा देखिएको विज्ञापनमार्फत आम्दानी गर्न सकिन्छ । यसैगरी टिकटक, फेसबुकमा 'लाइभ' बस्ने प्रयोगकर्ता पनि बढ्दै छन् । त्यसरी बसिने लाइभमा अरु प्रयोगकर्ताले गिफ्ट तथा स्टार दिन सक्छन्, त्यसबाट लाइभ बस्ने प्रयोगकर्ताले पैसा कमाउन सक्छ । यस्तो अभ्यास नेपालमा पनि बढ्दै गएको छ । कैयौं प्रयोगकर्ताले यसमार्फत आम्दानी गर्दै आएका छन् । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलले सामाजिक सञ्जाल र एडसेन्स विज्ञापनबाट हुने आम्दानी बढ्दो क्रममा रहेको बताए ।

खेलकुद

# एएफसीको कारबाहीमा मलेसिया : उल्टियो नेपालमाथि मलेसियाको जित

एएफसीले मलेसियाले नेपाल र भियतनामविरूद्ध निकालेको जितको नतिजा उल्ट्याएको छ । मलेसियाले नक्कली कागजात प्रयोग गरी राष्ट्रिय टोलीमा सातजना खेलाडी उतारेको प्रमाणित भएपछि एएफसीले मंगलबार एसियन कप- २०२७ छनोटमा नेपाल र भियतनामलाई ३-० को प्राविधिक जितको मान्यता दिएको हो । एएफसीको अनुशासन तथा आचारसंहिताको धारा ५६ उल्लंघन गरेको आरोपमा मलेसियालाई दुई खेलमा 'फोर्फिट' हार दिएको जनाएको छ । गत वर्ष छनोट खेलमा नेपाल मलेसियासँग २-० ले पराजित भएको थियो ।

यस निर्णयसँगै मलेसिया २०२७ को एसिया कप छनोटबाट आधिकारिक रूपमा बाहिरिएको छ । यसअघि शीर्ष स्थानमा रहँदै मलेसिया एसिया कपमा छनोट भएको थियो । मलेसिया फुटबल संघले विदेशी खेलाडीलाई मलेसियाको नागरिक बनाउन फिफामा झुटो कागजात पेस गरेको भेटिएको एएफसीले जनाएको छ । एएफसीको अनुशासन कमिटीले सो नतिजा खारेज गर्दै नेपाललाई ३-० को जित सुम्पिएको छ । नेपाल पनि एसिया कप छनोटबाट बाहिरिसकेको छ । नेपालले लगातार खेलमा हार सामना गरेको छ ।

प्रतियोगिताबाट बाहिरिसकेको नेपालले ३ अंक बटुल्यो । नेपालले मलेसियासँगको एक खेलमा प्राविधिक जित पाए पनि अन्य खेलका नतिजा सुखद रहेन । नेपालले भियतनामसँगको दुवै खेलमा हार सामना गरेको थियो । मलेसियासँगको खेल र लाओससँगको हारका कारण नेपाल तेस्रो चरणबाट गणितीय रूपमै बाहिरिसकेको हो । नेपाल इतिहासमै पहिलोपटक लाओससँग पराजित भएको थियो । लाओसविरूद्धको पहिलो खेलमा नेपाल २-१ ले पराजित भएको थियो ।

यस कारबाहीपछि अब समूह 'एफ'बाट भियतनाम १५ अंकसहित शीर्ष स्थानमा रहँदै छनोट भएको छ । यसअघि भियतनाम दोस्रो स्थानमा थियो । अब दोस्रो स्थानको मलेसिया ९ अंकका साथ बाहिरिएको छ । ३ अंकका साथ नेपाल तेस्रो स्थानमा उक्लिएको छ । नेपालमाथि ऐतिहासिक जित निकालेको लाओसको पनि ३ अंक छ । तर, गोलअन्तरमा लाओस चौथो स्थानमा छ । यस समूहबाट एकैपटक मलेसियासँगै नेपाल र लाओस पनि बाहिरिएको एएफसीले जनाएको छ । एएफसीका निर्णयअघि मलेसिया १६ वर्षपछि एसिया कपमा छनोट भएको थियो । खेलाडीको नक्कली कागजात प्रयोग गरेका कारण मलेसियाले ठुलो क्षति व्यहोरेको छ । यो उनीहरूको फुटबलकै ठुलो धक्का हो । मलेसियाली फुटबल संघले आफूहरूले नागरिकता कानुनी रूपमै दिएको दाबी गर्दै यस निर्णयविरूद्ध थप कानुनी परामर्श लिने जनाएको छ ।

एएफसीले मलेसियाको अंक मात्रै खोसेको छैन । उसलाई आर्थिक रूपमा समेत जरिवना गरिएको छ । क्वालालम्पुरमै रहेको एएफसीको केन्द्रीय कार्यालयबाट जारी गरेको विज्ञप्तिअनुसार मलेसिया फुटबल संघलाई ५० हजार अमेरिकी डलर जरिवना गराइएको उल्लेख छ । मलेसियाले एक महिनाभित्र जरिवाना रकम बुझाउनुपर्नेछ । यसैबिच, खेलकुदको सर्वोच्च अदालत कासले मलेसियाले सात खेलाडीको नक्कली कागजात बुझाएको निष्कर्ष निकालेको छ ।

एएफसी र कासले फ्याकुन्डो गार्सिया, ग्याब्रियल पाल्मेरो, रोड्रिगो होल्गाडो, इमानोल माचुका, जोआओ फिग्युरेरो, हेक्टर हेभेल र जोन इराजाबाललाई दोषी ठहर गरेका छन् । उनीहरूले मलेसियाको नागरिकता प्राप्त गर्न र खेल्नका लागि कागजात किर्ते गरेको कासको भनाइ छ । एएफसीले दोषी खेलाडीमाथि एक वर्ष फुटबल खेल्न प्रतिबन्ध लगाएको छ । गत वर्षको २५ मार्चमा मलेसियाले नेपालविरूद्ध र १० जुनमा भियतनामविरूद्ध सात विदेशी खेलाडीलाई मैदानमा उतारेको थियो । सुल्तान इब्राहिम रंगशालामा मलेसियाले नेपालविरूद्ध २-० र बुकित जलिल राष्ट्रिय रंगशालामा भियतनामलाई ४-० ले हराएको थियो । यी दुई फोर्फिट हारपछि मलेसिया अंकतालिकामा भियतनामभन्दा ६ अंकले पछाडि परेको छ ।

फिफा अनुशासन समितिको मंगलबार बसेको बैठकले फिफाको अनुशासन संहिता (एफडिसी)को धारा २२ को उल्लंघन गरेको भन्दै मलेसियालाई कारबाही गरेको छ । फिफाले खेलाडीलाई आर्थिक दण्ड तोकेको छ ।

# पोखरामा प्याराग्लाइडिङ च्याम्पियनसिप हुँदै

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका कारण बन्द रहेको प्याराग्लाइडिङ खेल चार वर्षपछि फेरि सुरू हुने भएको छ । साहसिक र मनोरञ्जनका लागि उडाइने प्याराग्लाइडिङ ०७९ पछि पोखराको आकाशमा बन्द गरिएको थियो । बन्द हुनुअघि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा प्याराग्लाइडिङ पर्थ्यो । तथ्यांकअनुसार त्यसवेला हरेक दिन १२ सयजनासम्मले प्याराग्लाइडिङको मजा लिन्थे । तर, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएपछि बन्द भएको थियो । यसैगरी, ०७९ कात्तिकमा पोखरामै भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत प्याराग्लाइडिङको सोलो उडानका क्रममा निसिम थापाको निधन भएपछि पनि उडान बन्द भयो । नेपाल हवाई खेलकुद संस्थाको आयोजनामा २१औँ संस्करणको नेपाल ओपन प्याराग्लाइडिङ च्याम्पियसिप ५ देखि ७ चैतसम्म हुने भएको छ ।

यसअघि २०औँ संस्करण २३ देखि २५ चैत ०७८ मा भएको थियो । सोलो उडान खुला भएसँगै प्रतियोगिता हुन लागेको आयोजकका अध्यक्ष अनिल केसीले जानकारी दिएका छन् । च्याम्पियनसिपको तयारी ९० प्रतिशत सकिएको उनले बताए । आयोजकले पोखरामा दुईपटक प्याराग्लाइडिङको प्रि-विश्वकप र प्याराग्लाइडिङ एसियन टुरसमेत आयोजना गरिसकेको छ ।

एफएआई क्याटोगरी २ अन्तर्गत हुने च्याम्पियनसिपमा एक्युरेसी पुरूष (ओभरअल), एक्युरेसी महिला (ओभरअल) र टिम (ओभरअल) गरी तीन विधामा प्रतिस्पर्धा हुने संयोजक सुनीलबहादुर भट्टराईले जानकारी दिए । पहिलो हुनेले एक लाख ५० हजार रूपैयाँ पाउनेछन् । महिलातर्फको टिम विजेताले ७५ हजार रूपैयाँ जित्नेछ । उपविजेताले ५० हजार र तेस्रोले २५ हजार रूपैयाँ हात पार्नेछन् । च्याम्पियनसिपबाट दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशको प्याराग्लाइडिङ खेलाडीसमेत छनोट गरिने भट्टराईले बताए ।

प्रतियोगितामा आठ राष्ट्रका सय पाइलटले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा आयोजक नेपालसँगै भारत, चीन, साउदी अरेबिया, उज्वेकिस्तान, इटली र लेबनानका पाइलटले प्रतिस्पर्धा गर्नेछन् ।

## कर्पोरेट

### ● ग्लोबल आइएमई बैंकको वित्तीय साक्षरता कार्यक्रम

ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल मनी विक २०२६ को अवसरमा विद्यार्थी तथा युवालक्षित वित्तीय साक्षरताका कार्यक्रम आयोजना गर्ने भएको छ । बैंकले सातै प्रदेशमा सप्ताहव्यापी रूपमा विद्यार्थी तथा युवालक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रम आयोजना गर्न लागेको हो ।

यस वर्षको ग्लोबल मनी विकको मुख्य नारा 'स्मार्ट मनी टक्स' रहेको छ । यसैलाई आत्मसात् गरी मार्च १६ देखि मार्च २२ सम्म बैंकका विभिन्न शाखा कार्यालयबाट वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गर्नेछ । यसका साथै बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामग्री उत्पादन तथा प्रकाशन गरी आफ्नो आधिकारिक सामाजिक सञ्जालमार्फत पनि प्रसारण गर्नेछ ।

वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकले हरेक वर्ष आफ्ना शाखा कार्यालयमार्फत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । चालू आवमा बैंकका ७० भन्दा बढी शाखा कार्यालयले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेका छन् ।

### ● सिटिजन्स बैंकले गऱ्यो ६२ कर्मचारीलाई दीर्घसेवा सम्मान

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले दीर्घसेवा गर्ने ६२ जना कर्मचारीलाई सम्मान गरेको छ । बैंकले चैत १ लाई कर्मचारी दिवसका रूपमा मनाउँदै आएको छ । उन्नाइसौँ वर्ष पूरा गरी २०औँ वर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा बैंकले एकमहिने वार्षिक उत्सवसम्बन्धी कार्यक्रम आयोजना गरिरहेको छ । वैशाख ७ गते बैंकको वार्षिक उत्सवको दिन हो । ०६४ अर्थात् १९ वर्षअघि वैशाख ७ गते ९३ जना कर्मचारीबाट बैंकले विधिवत् बैंकिङ सेवा सुरु गरेको थियो । यस अवधिमा बैंकले अनवरत १० वर्ष र १५ वर्ष सेवा प्रवाह गरेका कर्मचारीलाई दीर्घसेवा सम्मान गरेको हो । जसमा १० वर्ष सेवा प्रवाह गर्ने ४८ जना र १५ वर्ष सेवा गर्ने १४ जना छन् ।

बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा आयोजित एक कार्यक्रमबिच उनीहरूलाई सम्मान गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले ६२ जना कर्मचारीलाई प्रमाणपत्रसहित 'दीर्घसेवा सम्मान' पदक प्रदान गरे । बैंकमा हाल १७ सय ६४ कर्मचारी कार्यरत छन् ।

### ● मेरो किसानको आइपिओ बिक्री प्रबन्धकमा प्रभु क्यापिटल

प्रभु क्यापिटल लिमिटेड र मेरो किसान लिमिटेडबिच साधारण सेयर (आइपिओ) निष्कासनसम्बन्धी सोमबार सम्झौता भएको छ । सम्झौता कार्यक्रममा मेरो किसानका तर्फबाट कम्पनीका अध्यक्ष विष्णुमणि गौतम, प्रबन्ध सञ्चालक अविनाश सिलवाल, सञ्चालक सुनील थापा, सञ्चालक सन्तोष बस्नेत र प्रभु क्यापिटलका तर्फबाट प्रबन्ध सञ्चालक आशिष गौचन, प्रमुख व्यापार अधिकृत वासु थपलिया र विशिष्टीकृत लगानी कोष प्रमुख सुदीपहरि ढुंगानाको उपस्थिति थियो ।

मेरो किसानले आगामी दिनमा सेयर निष्कासनको योजना बनाएको छ । यस सहकार्यले कम्पनीलाई पुँजी बजारमार्फत सर्वसाधारणसँग जोड्दै कृषि क्षेत्रमा थप लगानी र विस्तार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । यस कम्पनीले किसानसँग प्रत्यक्ष सहकार्य गरी कृषि बिउबिजन उत्पादन, कृषि उत्पादन संकलन, भण्डारण, वितरण तथा डिजिटल प्लाटफर्ममार्फत उपभोक्तासम्म कृषि उत्पादन उपलब्ध गराउने काम गर्दै आइरहेको छ ।

### ● सूर्योदय वोमी लघुवित्तले मनायो १५औँ वार्षिकोत्सव

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले विविध कार्यक्रम गरी १५औँ वार्षिकोत्सव मनाएको छ । कम्पनीले २५ फागुनमा संस्थाको कर्पोरेट कर्यालय, ललितपुरमा मनाएको हो ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मोक्षप्रसाद पंगेनीको अध्यक्षतामा सम्पन्न, उक्त कार्यक्रममा संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत, प्रहरी प्रभाग इमाडोल, ललितपुरका प्रहरी प्रतिनिधि, संस्थाका कर्मचारीलगायतको उपस्थिति थियो । संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत प्रमेश आचार्यले स्वागत मन्तव्य राखेका थिए भने सिइओ पंगेनीले संस्थामा दीर्घसेवा गरेका कर्मचारीलाई सम्मान गरेका थिए ।

साथै, प्रहरी प्रभाग इमाडोल, ललितपुरलाई आवश्यक स्टेसनरी सामग्री हस्तान्तरण गरिएको थियो । उनले संस्थाले अति विपन्न वर्गलाई सेवा दिएर उनीहरूलाई आत्मनिर्भर बनाई देशको अर्थतन्त्रमा ठुलो भूमिका खेलेको जानकारी गराए । संस्थाले हाल सातै प्रदेशका ५५ जिल्लामा एक सय ६७ शाखा कार्यालयमार्फत ग्राहकलाई वित्तीय सेवा दिँदै आइरहेको छ ।

### ● हिमालयन पावरले हकप्रद जारी गर्ने

हिमालयन पावर पार्टनर लिमिटेडले हकप्रद सेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट सोमबार अनुमति पाएको छ । यससँगै कम्पनीले १:०.५ को अनुपातमा ५३ करोड २७ लाख आठ हजार पाँच सय रूपैयाँबराबरको ५३ लाख २७ हजार ८५ कित्ता हकप्रद निष्कासन गर्नेछ । कम्पनीको हकप्रद निष्कासक तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल रहेको छ ।

### ● डोलेश्वर भिलेजले आइपिओ ल्याउने

डोलेश्वर भिलेज रिसोर्ट एन्ड फार्म हाउसले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले आइपिओ निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन पेस गर्ने तयारी गरिरहेको जनाएको छ । कम्पनीको मंगलबार सम्पन्न विशेष साधारणसभाले जारी पुँजीको ३० प्रतिशतबराबरले हुन आउने १६ लाख २० हजार कित्ता आइपिओ प्रतिकित्ता १०० रूपैयाँका दरले निष्कासन गर्ने प्रस्ताव पारित गरेको छ । ०७६ देखि सञ्चालनमा रहेको उक्त रिसोर्ट भक्तपुरको डोलेश्वर क्षेत्रमा करिब १० रोपनी क्षेत्रफलमा फैलिएको छ । चारतारे होटेलमा स्तरोन्नति हुने प्रक्रियामा रहेको रिसोर्ट आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । कम्पनीले आइपिओ निष्कासनका लागि बिक्री प्रबन्धकको रूपमा सिटिजन्स क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकेको छ ।

### ● एभरेस्टले ऋणपत्र निष्कासन गर्ने, बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल

एभरेस्ट बैंक लिमिटेडले तीन अर्ब रूपैयाँबराबरको ऋणपत्र निष्कासन गर्ने भएको छ । निष्कासनसम्बन्धी कार्यका लागि बैंकले लक्ष्मी सनराइज क्यापिटल लिमिटेडल बिक्री प्रबन्धक नियुक्त गरेको छ । नियुक्तिसम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुदेश खालिङ र लक्ष्मी सनराइज क्यापिटलका तर्फबाट सिइओ विजयलाल श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

सम्झौतामा उल्लेख गरिएअनुसार, बैंकले 'एभरेस्ट बैंक लिमिटेड ऋणपत्र २०८८' नामक प्रतिकित्ताएक हजार रूपैयाँका दरले ३० लाख कित्ता ऋणपत्र बिक्री गर्नेछ । जसमध्ये ४० प्रतिशत अर्थात् एक अर्ब २० करोडबराबरको १२ लाख कित्ता सर्वसाधारणलाई र बाँकी ६० प्रतिशत अर्थात् एक अर्ब ८० करोडबराबरको १८ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री गरिने बैंकले जनाएको छ । ६ वर्ष अवधिको उक्त ऋणपत्रमा वार्षिक ६.२५ प्रतिशतका दरले ब्याज भुक्तानी हुनेछ । ब्याज अर्धवार्षिक रूपले भुक्तानी हुने बताइएको छ ।

### ● ताप्लेजुङका विद्यार्थीलाई नेपाल बैंकको बैंकिङ र बचत शिक्षा

नेपाल बैंक लिमिटेड ताप्लेजुङ शाखाले ग्लोबल मनी विक २०२६ को अवसरमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । फुङलिङ नगरपालिका- ४ स्थित लिटलबुद्ध आवासीय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा करिब १०० जना विद्यार्थी तथा सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी विद्यार्थीलाई बचतको महत्व, आम्दानी र खर्च व्यवस्थापन, सुरक्षित लगानीका उपाय, विद्युतीय बैंकिङ कारोबार तथा बैंक खाता सञ्चालनसम्बन्धी आधारभूत ज्ञान प्रदान गरिएको थियो । बैंकका ताप्लेजुङ शाखा प्रबन्धक प्रकाश घिमिरेले सानो उमेरदेखि नै आर्थिक अनुशासन र बचतको बानी बसाल्न सके भविष्यको आर्थिक स्थायित्वका लागि महत्वपूर्ण आधार तयार हुने बताए । कार्यक्रममा बैंकका कर्मचारी माधव खड्काले डिजिटल बैंकिङ सेवाको प्रयोग, अनलाइन कारोबार गर्दा अपनाउनुपर्ने सावधानी तथा लगानी गर्दा हुने जोखिम र लागतबारे प्रशिक्षण दिएका थिए ।

विद्यालयस्तरमै वित्तीय साक्षरता विस्तार गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमको व्यवस्थापन लिटलबुद्ध आवासीय माध्यमिक विद्यालयका प्रिन्सिपल युवराज गिरीले गरेका थिए । ग्लोबल मनी सप्ताह विश्वभर बालबालिका र युवामा वित्तीय ज्ञान र सीप विकास गराउने उद्देश्यले प्रत्येक वर्ष मनाइने अन्तर्राष्ट्रिय अभियान हो । सोही अभियानअन्तर्गत नेपालका बैंक तथा वित्तीय संस्थाहरूले विद्यालय तथा समुदायमा पुगेर वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

### ● इला होटेल एन्ड रिसोर्टको सिइओमा थापा

इला होटेल एन्ड रिसोर्टको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा लक्ष्मण थापा नियुक्त भएका छन् । आइएमई हस्पिटालिटीको सञ्चालक समितिले थापालाई ५ चैतदेखि लागू हुने गरी उक्त पदमा नियुक्त गरेको हो ।

थापासँग आतिथ्य व्यवस्थापन क्षेत्रमा दुई दशकभन्दा बढीको अनुभव छ । उनले नेपालसहित भानुआतु, माल्दिभ्स, मलेसिया, संयुक्त अरब इमिरेट्स तथा साउदी अरबलगायत विभिन्न मुलुकका उच्चस्तरीय होटेल, रिसोर्ट र क्यासिनोमा नेतृत्वदायी भूमिकामा रही काम गरिसकेका छन् ।

आइएमई हस्पिटालिटीमा आबद्ध हुनुअघि थापा सिद्धार्थ हस्पिटालिटी समूहमा प्रमुख सञ्चालन अधिकृतका रूपमा कार्यरत थिए । त्यसअघि उनले काठमाडौंस्थित होटेल याक एन्ड यती, भानुआतुस्थित इरिरिकी आइल्यान्ड रिसोर्ट एन्ड ज्वेल क्यासिनो, चितवनस्थित सिजी हस्पिटालिटी तथा भैरहवास्थित टाइगर प्यालेस रिसोर्टमा विभिन्न नेतृत्वदायी भूमिकामा रहेर काम गरिसकेको कम्पनीले जनाएको छ । थापाको अन्तर्राष्ट्रिय अनुभव र नेपालमा देखिएको नेतृत्व क्षमताले आइएमई हस्पिटालिटीको सेवा गुणस्तर अभिवृद्धि र सञ्चालन सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने कम्पनीको विश्वास छ ।

आइएमई हस्पिटालिटीअन्तर्गत कम्पनीले काठमाडौंको लाजिम्पाटस्थित होटेल ले हिमालय, पोखराको लेकसाइड रिट्रिट, बागलुङ र गैँडाकोटस्थित होटेल इलालगायत विभिन्न होटेल तथा रिसोर्टको व्यवस्थापन हेर्ने गर्छ । नियुक्तिपछि थापाले इला होटेल एन्ड रिसोर्टको सेवास्तर उकास्ने, सेवा संस्कृतिलाई सुदृढ बनाउने प्रतिबद्धता जनाए ।

### ● विश्व लगानी सप्ताहमा मञ्जुश्री फाइनान्सका कार्यक्रम

विश्व लगानी सप्ताह-२०२६ मा मञ्जुश्री फाइनान्सले विभिन्न कार्यक्रम गरेको छ । फाइनान्सले चितवन क्लस्टर शाखामार्फत प्रभातफेरीबाट लगानी सप्ताहको सुरुवात गरेको हो । यस्ता कार्यक्रम सम्पूर्ण शाखाबाट आयोजना गरेको फाइनान्सले जनाएको छ ।

यस वर्षको मुख्य अभिप्राय 'स्मार्ट मनी टक्स' रहेको छ । यही अभिप्रायलाई लिएर फाइनान्सले विभिन्न स्कुल तथा कलेजमा कार्यक्रम गरिने बताएको छ ।संस्थाले हालसम्म करिब २४ अर्ब निक्षेप संकलन तथा २०.६ अर्ब कर्जाप्रवाह गरेको छ । साथै, २८ वटा शाखा तथा एक विस्तारित काउन्टरबाट ग्राहकलाई वित्तीय सेवा उपलब्ध गराउँदै आएको संस्थाले जनाएको छ ।

### ● कामना सेवाले सार्वजनिक गऱ्यो ०८३ सालको क्यालेन्डर

कामना सेवा विकास बैंकले आगामी वर्ष ०८३ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकले आधुनिक प्रविधिलाई मध्यनजर राख्दै उक्त क्यालेन्डरलाई डिजिटल माध्यमबाट उपलब्ध गराएको जनाएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिबाट स्वीकृतप्राप्त उक्त क्यालेन्डरमा समितिद्वारा निर्धारण गरिएका विभिन्न तिथि तथा शुभमुहूर्तहरूसमेत समावेश गरिएको छ । यसले सर्वसाधारणलाई धार्मिक तथा सांस्कृतिक कार्यका लागि उपयोगी जानकारी प्रदान गर्ने विश्वास बैंकले लिएको छ ।

उक्त डिजिटल क्यालेन्डर सहज रूपमा प्राप्त गर्नका लागि बैंकले क्युआर कोडसमेत सार्वजनिक गरेको छ । सो क्युआर कोड स्क्यान गरी बैंकका ग्राहक तथा सर्वसाधारणले ०८३ को क्यालेन्डर हेर्न तथा डाउनलोड गर्न सक्नेछन् । उक्त क्युआर कोड बैंकको सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत सार्वजनिक गरिएको बैंकले जनाएको छ ।

### ● कपनमा खुल्यो करेन्ट मार्टको दोस्रो आउटलेट

काठमाडौं उपत्यकामा करेन्ट मार्टको दोस्रो शाखा सञ्चालनमा ल्याएको छ । हट एन्ड स्पाइसी नुडल्स सेगमेन्टअन्तर्गतको करेन्ट नुडल्स उत्पादक संस्था यसोदा फुड्सले कपनस्थित (रिलायन्स कलेजनजिक) नयाँ शाखाको औपचारिक सुरुवात गरेको हो । कपनस्थित यस करेन्ट मार्टको उद्घाटन यसोदा फुड्सका ग्लोबल एक्जुकेटिभ डाइरेक्टर जिपी शाह र डाइरेक्टर प्रकाश पौडेलले संयुक्त रूपमा गरेका हुन् । कम्पनीले यसअघि बानेश्वरस्थित कात्यानी चोकमा पहिलो उपत्यका आउटलेट सञ्चालनमा ल्याएको थियो ।

नयाँ शाखा सुरूवातको अवसर पारेर ग्राहकलाई करेन्ट मार्टमा उपलब्ध सम्पूर्ण उत्पादनको खरिदमा १० प्रतिशत विशेष छुटको व्यवस्था गरिएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार यस शाखमा उपभोक्ताले यसोदा फुड्सद्वारा उत्पादित सम्पूर्ण रेन्जका उत्पादन एकै छानामुनि प्राप्त गर्न सक्नेछन् । करेन्ट ब्रान्डका लोकप्रिय नुडल्स (चाउचाउ), विभिन्न प्रकारका स्न्याक्स, चिजबल्स, स्टिक्स तथा पोटाटो क्र्याकर्स उपलब्ध हुने बताइएको छ ।

त्यसैगरी, चिया पारखीका लागि करेन्ट गोल्ड मसला र सिटिसी चिया तथा विभिन्न प्रकारका मसला (जिरा पाउडर, धनियाँ पाउडर, रातो खुर्सानी पाउडर) आदि पनि मार्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ । कम्पनीका एक्जुकेटिभ डाइरेक्टर शाहले भने, 'कपन र यसआसपासका उपभोक्ताले अब आफ्नै टोलबाट हाम्रा ताजा र गुणस्तरीय उत्पादन सहज रूपमा खरिद गर्न सक्नेछन् ।'

### ● सिटिजन्सले ग यो इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नवौँ सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता आयोजना गरेको छ । बैंकले आफ्नो १९औँ वार्षिकोत्सवको अवसरमा फागुन २९ र ३० गते यो प्रतियोगिता गरेको हो ।

प्रतियोगितामा व्यवस्थापन समूहअन्तर्गत आठ टिममा बैंकका ८४ जना विभाग तथा शाखाका कर्मचारीको सहभागिता थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस्ता कार्यक्रमले संस्थागत संस्कारलाई मजबुत बनाउने मात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धतासमेत झल्काउने बताए । प्रतियोगिताका विजेतालाई प्रमुख कार्यकारी अधिकृतले पुरस्कार वितरण गरेका थिए ।

विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४ र २०२५'को उपाधि प्राप्त गर्न सफल बैंकले यसअघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । हालसालै बैंकले नवयुवालक्षित बचत खाता 'सिटिजन्स जेन-जी सेभिङ अकाउन्ट' र 'सिटिजन्स डिजी बैंक सेवा' नामक एकीकृत अनलाइन प्लाटफर्म सञ्चालनमा ल्याएको छ ।

### ● महालक्ष्मी विकास बैंकको फेवाताल किनारमा पदयात्रा कार्यक्रम

महालक्ष्मी विकास बैंकले फेवाताल किनारमा पदयात्रा कार्यक्रम गरेको छ । बैंकले २४-२५ फागुनमा आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत दुईदिने कार्यशाला आयोजना गरेको हो । कार्यक्रममा वातावरण, संस्कृति र सम्पदा संरक्षण तथा दिगो बैंकिङ प्रवर्द्धनप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्दै सामूहिक पदयात्रा गरिएको बैंकले जनाएको छ ।

बैंकका विभागीय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रबन्धक र अन्य कर्मचारीको उत्साहजनक सहभागिता थियो । दुईदिने कार्यशालाले हालको वित्तीय अवस्था, निर्वाचनपछिको सकारात्मक परिस्थिति तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट सिर्जना हुन सक्ने आर्थिक चुनौतीको समेतको विश्लेषण गरेको छ ।

बैंकिङ क्षेत्रले दिगो वित्तीय अभ्यास अपनाउनुपर्छ भन्ने सन्देश आमजनमानसमा प्रवाह फेवाताल किनारमा सामूहिक रूपमा पदयात्रा गर्दै कार्यक्रम आयोजना गरिएको बताइएको छ । साथै, कार्यक्रममा हरित बैंकिङ र दिगो वित्तीय रणनीतिको आवश्यकतामाथि विशेष जोड दिइएको थियो ।

## कार्की आयोगको...

र भाद्र २४ गतेको विध्वसात्मक कार्यपछि पुन माओवादी केन्द्रको नाम परिवर्तन गर्दै माधव नेपाल अध्यक्ष रहेको एकीकृत समाजवादी सहितका अन्य स-साना नाम मात्रका दलहरूलाई संलग्न गराएर नेपाली कम्युनिष्ट पार्टी बनाएका थिए ।

उक्त पार्टीमा करिब २० वटा पार्टी संलग्न रहेका भएपनि संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधव नेपाल नै रहेकाले निर्वाचनमा जनताले उक्त पार्टीलाई पत्याएन त्यसैले गर्दा नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षतर्फको १ सय ६५ सिटमा जम्मा ८ सिटर समानुपातिकतर्फका १ सय १० सिट मध्येको ९ सिटमा मात्र जित हाँसिल गर्न सकेको छ ।

त्यसैगरी नेपाली कांग्रेस समेत यस पटकको निर्वाचनमा नराम्रो झट्का व्यहोर्नु परेको छ । निर्वाचनको घोषणा भै सकेको अवस्थामा नेपाली कांग्रेसका तत्कालिन महामन्त्री गगन थापाले विशेष महाधिवेशन बोलाएर आफैं सभापति बनेपछि तत्कालिन अवस्थामा सभापति रहेका शेरबहादुर देउवा पक्षले सो विशेष महाधिवेशनमा सहभागि नभएको र गगन थापालाई विशेष महाधिवेशनले सभापति बनाएको र त्यसलाई देउवा पक्षले स्वीकार गर्न नसकेको अवस्थामा निर्वाचन आयोगले गगन पक्षलाई कांग्रेसको मान्यता दिएको भएपनि जनताले गगन पक्षको नेपाली कांग्रेसलाई मान्यता दिएनन् त्यसैले गर्दा नेपाली कांग्रेस समेत यस पटकको निर्वाचनमा नराम्रोसँग पराजित भएको छ ।

भाद्र २३ गतेको विरोध प्रदर्शन हुँदा नेकपा एमालेका अध्यक्ष केपी नै प्रधानमन्त्री रहेका र भाद्र २३ गते काठमाडौ सहित इटहरीमा प्रहरीले चलाएको गोली लागेर काठमाडौमा १९ र इटहरीमा २ जनाको निधन भएको थियो । प्रहरीले गोली चलाएर हत्या गरेको भन्दै भाद्र २३ गतेको विरोध प्रदर्शनलाई हाईज्याक गर्नेहरूले नै भाद्र २४ गते विध्वसात्मक कार्य गरेर सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन सहितका धेरै सरकारी भवनहरु जलाए । उनीहरूले त्यस्तो कार्य गर्नु परेको दोष केपी ओली र नेकपा एमालेमाथि लगाएका थिए ।

त्यही दोष चिर्न नसकेको हुनाले नेकपा एमाले पराजित हुनु परेको र अर्को कारण हो बालेन साह । काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साह कुनै अँध्यारो कोठामा बसेर भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई उचालिरहेका थिए । कुनै बेला आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । भाद्र २३ गतेको विरोध प्रदर्शन र २४ गतेको विध्वसात्मक कार्यपछि जेनजीहलाई नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भन्ने निर्देशन वालेनले स्टाटसमार्फत दिएका थिए । त्यसरी निर्देशन दिनुको अर्थ थियो ? सबै अपराधको दोष तत्कालिन प्रधानमन्त्री केपी ओली र एमालेमाथि लगाउनु र त्यही दोषलाई एमालेले जनतासामू चिर्न नसकेको हुनाले एमाले पराजित भएको हो ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा मुछिएको भन्दै विभिन्न अदालतमा मुद्दा खेपिरहेका थिए तर लामिछाने र रास्वपाले सभापति लामिछानेमाथि तत्कालिन ओली सरकारले प्रतिशोध लिएको आरोप लगाउँदै आएको र सो आरोपका बारेमा सरकारले जनतासामू प्रष्ट रूपमा सत्यतथ्य कुरा पुऱ्याउन नसकेको कारण समेत भाद्र २३ र २४ सँग जोडिएको छ । जेलमा रहेका रवि लामिछानेलाई भाद्र २३ गते नै आन्दोलनकारीहरूले जेलमुक्त गराए उनीलाई जेलमुक्त गरेपछि विभिन्न कारागारमा रहेका झण्डै १५ हजार भन्दा बढी कैदीबन्दीहरु जेलबाट भगाइए वा भागे ।

तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहको त्यसबेलाको नियत र उनले देखाएको व्यवहारलाई रास्वपाले आफूलाई बैतर्णी तर्ने भऱ्याङका रूपमा प्रयोग गऱ्यो । त्यो प्रयोग सफल भयो । रास्वपाले साहलाई आफ्नो पार्टीमा प्रवेश गराएर रास्वपाको वरिष्ठ नेता भन्दै निर्वाचन अघि नै झापा ५ मा संसदको उम्मेदवार बनाउने र भावि प्रधानमन्त्री भन्दै त्यसै अनुरूपको घोषणा गरेको हुनाले रास्वपाले अहिले झण्डै दुई तिहाई मत ल्याएको छ ।

झापा ५ बाट बालेन ठुलो मतान्तरले निर्वाचित भएका छन् । अब उनी प्रधानमन्त्री बन्ने पक्कापक्की भएको छ । उनी प्रधानमन्त्री बनेपछि उनैको सरकारले भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठन गरिएको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्दै कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी साहलाई आएको छ । अब के साहले आफ्नै पार्टीका झण्डै १५ जना भन्दा बढी सांसदलाई कानुनी कारबाही गर्लान् भन्ने प्रश्न समेत उठेको छ ।

साहलाई समेत कार्की आयोगले बयान लिएको र कहिँ न कहिँ साहले समेत जेनजीहरूलाई उचालेर विध्वसात्मक कार्य गराएको भन्ने जाँचबुझ आयोगका प्रतिवेदनमा उल्लेख गरिएको र रास्वपाका धेरै सांसदहरु त्यसमा संलगन रहेकाले के अब ती सबैलाई रास्वपाका वरिष्ठ नेता समेत रहेका साह सरकारले कानुनी कारबाही गर्ला ? यदि त्यसो हुन सकेन भने रास्वपाले भनेको सुशासन र भ्रष्टाचार नियन्त्रण अनि दण्डहिनता कसरी नियन्त्रण होला भन्ने प्रश्न उठेको छ ।

## एनआरएनएको अध्यक्षमा शर्मा निर्विरोध

गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ अधिवेशनले डा. हेमराज शर्माको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । निर्विरोध चयन भएको कार्यसमितिको वरिष्ठ उपाध्यक्ष रोबिनप्रसाद शेरचन भएका छन् ।

अधिवेशनले उपाध्यक्षहरूमा रोशन थापा, बुद्धि सुवेदी, चिन्तामणि सापकोटा, ददिवल खड्का, दिनेश पोखरेल, गोपीकृष्ण काफ्ले, डा. ज्ञानेन्द्र रेग्मी, जुनु गुरूङ, कमलमणि गुरागाईं, खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, महेन्द्र ओली, मनोजकुमार श्रेष्ठ, प्रवीन गुरूङ, पूर्णचन्द्र बानियाँ, रबिनराज बज्राचार्य, रामशरण सिंखडा, रोजिना प्रधान राई, टंकप्रसाद गैरे, तिलक गैरे, विश्वदीप तिगिला रहेका छन् । महिला उपाध्यक्षमा राधिका गुरूङ (टिका) र युवा उपाध्यक्षमा भीमसेन थापा चयन भएका छन् ।

महासचिवमा डा. चिरञ्जीवी खड्का चयन भएका छन् । उपमहासचिवमा अनुजा प्रधान, वेदराज बस्नेत, दिनेशकुमार घिमिरे, पारसमणि पोखरेल, राजेन्द्र अर्याल, स्वतन्त्रप्रताप शाह चयन भएका छन् । सचिवमा अभिमन्यु बस्नेत, दिपेश खत्री, मदनराज पौडेल, माधव दुलाल, मोहम्मद मुक्तदा, प्रसुना कँडेल, शिवप्रसाद पौडेल, सुजन अधिकारी, सुजन केसी खत्री, सुपेन्द्र घिसिङ, यज्ञनारायण पौडेल, भवानीप्रसाद तिमल्सिना र रमेश भट्ट चयन भएका छन् ।

महिला सचिवमा अमृता थापा कञ्चन चयन भएकी छिन् । कोषाध्यक्षमा कृष्णप्रसाद तिमल्सेना, सहकोषाध्यक्षमा अब्दुल बसिद र विमल सुवेदी, महिला सहकोषाध्यक्षमा गंगा खतिवडा चयन भएका छन् । प्रवक्तामा सोम सापकोटा चयन भएका छन् ।

## जाँदा-जाँदै...

भएको थियो । विवाद भएपछि सचिवालायलाई चुस्त बनाउने भन्दै मुख्य सल्लाहकार, जनसम्पर्क सल्लाहकार, प्रमुख स्वकीय सचिव, प्रेस संयोजक, स्वकीय शाखा अधिकृत, फोटोग्राफर र जनस्वास्थ्य विज्ञ अवैतानिक मात्र रहने भनिएको थियो । जेनजीहरूले यस्तो कार्यको विरोध गरेपछि यो निर्णय लिन प्रधानमन्त्री कार्की बाध्य भएकी थिइन् । तर निष्कासनमा परेका व्यक्तिहरु मध्येका प्रदीप ज्ञवाली, आकृत्ति घिमिरेलगायतका सदस्यहरूले श्रेष्ठको राजिनामा माग्दा आफूहरूलाई निष्कासन गरिएको आरोप लगाएका थिए । अहिले तिनै श्रेष्ठलाई अर्को अवसर दिएपछि नेपाल जेनजी फ्रन्ट, जेनजी मुभमेन्ट अअलायन्स लगायतले श्रेष्ठको नियुक्तिको विरोध गरेका छन् ।

हाम्रा राजनीतिक दलहरूले अवसर पाएपछि जस्तोसुकै कार्य गर्न पछि पर्दैनन् भन्ने अभिव्यक्ति दिँदै आएकी प्रधानमन्त्री कार्कीले आफैं त्यस्तै व्यवहार देखाएकी छन् । आफूलाई विर्सनै नसक्ने गुन लगाएको भन्दै श्रेष्ठ र अर्याललाई नियुक्ति दिलाउने निर्णय गर्नुले आहिलेसम्म प्रधानमन्त्री कार्कीले बचाई राखेको आदर्शलाई पद पाउने वित्तिकै आफ्नो उपहास गरेकी छन् ।

## बालेन-रास्वपाको...

१ सय ६५ स्थानमा नै उम्मेदवार खडा गरेको कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिट मात्र जित हाँसिल गरेको थियो भने विशेष महाधिवेशनबाट सभापति बनेका थापा सहितका महामन्त्री प्रदीप पौडेल लगायतका प्रायः सबै नेताहरु पराजित भएपछि देउवा पक्षले सेनापति नै पराजित भएकाले थापाले राजिनामा दिनुपर्ने बताउँदै आएका छन् ।

उनीहरूका अनुसार कांग्रेसका सभापति देउवाको बेइज्जती गरेर निर्वाचनमा जाँदाको परिणाम पराजित भएको भन्दै निर्वाचनको समय आउन एक महिना पनि बाँकी नरहेको अवस्थाको परिणाम निर्वाचनमा देखिएको भन्दै कांग्रेसको नराम्रो पराजयको जिम्मेवारी थापा पक्षले लिनुपर्ने बताउँदै आएका छन् । थापाले भने राजिनामा दिने बताइसकेका छन् ।

यद्यपि देउवा पक्ष भने अहिले थापाको राजिनामा माग्ने कि तत्काल महाधिवेशन गर्ने भने तिर देउवा पक्ष नै एकमत रहेको छैन । अहिले देउवा सिंगापुरमा रहेका र उनी फर्किने टुँगो समेत लागि नसकेको हुनाले तत्काल संस्थापन पक्षले नेतृत्व कसले गर्ने भन्नेमा नै समस्या देखिएको देउवा पक्षको भनाई रहेको छ ।

पूर्व सभापति देउवा फागुन १३ गते सिंगापुर गएका थिए भने पूर्व परराष्ट्रमन्त्री समेत रहेकी देउवाकी श्रीमती आरजु राणा फागुन १० गते नै भारत गएकी थिइन् । उनी समेत अहिलेसम्म स्वदेश फर्किएकी छैनन् । विशेष महाधिवेशन अघि नै तत्कालिन केन्द्रीय समितिले आगामी वैशाख २८ गते देखि ३१ गतेसम्म महाधिवेशन गर्ने तालिका पारित गरेको थियो । समयमै महाधिवेशन गर्न नसकिए चाँडै महाधिवेशन तयारी अघि बढाउने थापा पक्षका महामन्त्री गुरूराज घिमिरेले बताएका छन् ।

पार्टीका अन्य नेताहरूले भने निर्वाचनको परिणामलाई हेरेर अब पार्टीभित्र यो पक्ष र त्यो पक्ष नभनि तत्काल एकता कायम गर्नुको विकल्प नभएको बताउँदै आएका भएपनि त्यसमा एकमत हुन सकेको देखिएको छैन । रास्वपा र बालेनको सुनामीले गर्दा कांग्रेस एमाले मात्र होइन अन्य साना दलहरूलाई संकट बढ्दै गएकोले गर्दा अब नेतृत्वको विवाद गनु भन्दा पार्टी सदृढीकरण गर्ने तर्फ कांग्रेस एमाले लाग्नुको विकल्प देखिँदैन ।

## थापाको...

महाधिवेशनबाट आफूँ सभापतिमा चुनिएको भन्दै त्यसको विरूद्धमा देउवा पक्षले सर्बोच्च अदालतमा रिट दायर गरेको भएपनि सर्बोच्च अदालतले सो रिटका बारेमा सुनुवाई नै नगरी थन्क्याई दिएको र निर्वाचन आयोगले समेत थापा पक्षलाई मान्यता दिएको थियो । विशेष महाधिवेशनसम्बन्धी मुद्दा अहिले पनि सर्बोच्च अदालतमा थन्किएको छ ।

आफू सभापति भएपछि थापाले आफू निर्वाचन लड्दै आएको काठमाडौ क्षेत्र नम्वर ४ लाई छाडे । सर्लाहीका क्षेत्र नं. ४ बाटै निर्वाचत लडेका थिए तर उनी रास्वपाको उम्मेदवार अमरेश सिंहसँग ठुलो मतान्तरणले पराजित भए । तत्कालिन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारमा कांग्रेस समेत सहभागि भएको थियो । त्यस बेला गगन थापा चुपचाप थिए । तर भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि थापा अघिल्लो सरकारको विरोधमा बोल्न थाले ।

उनले ओली नेतृत्वको सरकारमा कांग्रेस सहभागि हुनु गलत थियो भने अभिव्यक्ति दिएर आफूलाई स्थापित गराउने प्रयासमा लागेका हुनाले कांग्रेसको अर्को पक्षले थापाको उक्त भनाईलाई स्वीकार गर्न सकेन । त्यही कारणले गर्दा थापालाई पहिलो गाँसमै ढुँगा लागेको छ । थापाले निर्वाचन आयोगबाट मान्यता पाएपछि कांग्रेसलाई बहुमत ल्याउन कसैले रोक्न नसक्ने अभिव्यक्ति दिँदै निर्वाचन प्रचार प्रसारमा गगन लागेका भएपनि उनको सो अभियान सफल हुन सकने । उनको यो अभियान कांग्रेसका लागि आत्मघाती कदम सावित भयो ।

प्रधानमन्त्री सुशिला कार्कीले अनेक तिकडम गरेरै भएपनि निर्वाचन सम्पन्न गराईन् । कसैलाई छोरा र कसैलाई नाता जोडेर भएपनि उनले निर्वाचन सम्पन्न गराएर आफ्नो दायित्व पूरा गरेकी छन् ।

## भाद्र २३ र २४ को...

सो घटनामा संलगन रहेका र भाद्र २३ गतेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुदन गुरूङसहितका धेरै व्यक्तिहरु फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको सदस्यका लागि भएको निर्वाचनमा रास्वपाका तर्फबाट उम्मेदवार भई विजयी समेत भएका हुनाले उनीहरूमाथि कानुनी कारबाही हुने सम्भावना न्यून रहेको छ ।

भाद्र २३ गते विरोध प्रदर्शन गर्न सुदन गुरूङसहितका व्यक्तिहरूले जिल्ला प्रशासन कार्यालय काठमाडौबाट अनुमति लिएका हुनाले आयोजक संस्था वा व्यक्तिले नै घटनाको जिम्मेवारी लिनुपर्ने कानुनी व्यवस्था रहेको भएपनि जेनजीहरूको आडमा उनीहरूमाथि कानुनी कारबाही नहुनु भनेको कानुनको धज्जी उडाउनु बाहेक अन्य केही हुन सक्दैन ।

निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाईमा जित हाँसिल गरेको र अबको केही दिनभित्रमा नै रास्वपाका वरिष्ठ नेता वालेन साहको नेतृत्वमा सरकार गठन हुने भएकाले बालेन सरकारले रास्वपाबाट निर्वाचित भएका सांसदहरूलाई कानुनी कारबाही गर्न सक्ने सम्भावना देखिँदैन । स्वयम् बालेन साह समेत भाद्र २३ गतेको घटनामा अप्रत्यक्ष रूपमा संलग्न रहेका र तत्कालिन प्रधानमन्त्री केपी ओलीले भाद्र २४ गते राजिनामा दिएपछि साहले नै अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर जेनजीहरूको एक समूहलाई स्टाटसमार्फत निर्देशन दिएका थिए ।

साहको सो निर्देशनपछि सुदन गुरूङसहितका केही जेनजी अगुवाहरूले वार्ता गरेका र साहकै निर्देशनअनुसार उनीहरूले सुशिला कार्कीलाई प्रधानमन्त्री बनाउन राष्ट्रपति समक्ष आग्रह गरेनुसार कार्की प्रधानमन्त्रीमा भाद्र २७ गते नियुक्त भएकी थिइन् । यी सबै तथ्यहरूले गर्दा भाद्र २३ र २४ गतेको घटनाहरु तत्कालिन ओली सरकार ढाल्नमात्र षड्यन्त्रपूर्वक कार्य गरिएको र अब बालेन सरकारले रास्वपामा रहेका त्यसबेलाको घटनामा सक्रिय रहेका व्यक्तिहरूलाई कानुनी कारबाही गर्ने अवस्था देखिँदैन । त्यसको एउटै कारण हो त्यही घटनापछि भएको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई सिटमा जित हाँसिल गरेको छ भने कांग्रेस, एमाले सहितका दलहरूको संसदमा कमजोर उपस्थित रहने भएको छ ।

## रास्वपाको...

काठमाडौको मेयर पदको उम्मेदवार हुँदा बालेनले लौरी चिन्ह लिएका थिए त्यसबेला पनि काठमाडौबासीले उम्मेदवार नै नचिनी लौरौ चिन्हमा मतदान गरेर बालेन साहलाई मेयर पदमा जिताएका थिए । अहिले पनि त्यस्तै भएको छ । फागुन २१ गतेको निर्वाचनमा देशभरका र विदेशमा बसेका व्यक्तिहरूले प्रत्यक्ष रूपमा बालेन साहलाई चिनेका सम्म थिएनन् तर विदेशमा बसेका नेपालीहरूले नेपालमा रहेका आफ्ना परिवारलाई समेत बालेनलाई मतदान गर्न आग्रह गरेका र आफ्ना बाबुआमा र परिवारलाई बालेनलाई मनदान गर्न दवाव दिएका थिए । जनताले रास्वपालाई चिनेर होइन, रास्वपाका कार्यकर्ताहरु नभएकाहरूले समेत बालेन साहको निर्वाचन चिन्ह घण्टी भएको हुनाले घण्टीलाई मतदान गर्दा रास्वपाले अहिलेको निर्वाचनमा बाजी मारेको हो ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगीलगायतका काण्डमा मुछिएका हुनाले रविको नेतृत्वमा निर्वाचनमा जाँदा नराम्रोसँग पराजित हुन सक्ने सम्भावना देखेपछि सभापति लामिछाने र अन्य केही व्यक्तिहरूले बालेनलाई रास्वपाको वरिष्ठ नेता बनाउँदै रास्वपाको लागि बालेनलाई प्रयोग गरेको हुनाले निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याउन बालेन सहायक बने । त्यसको प्रत्यक्ष प्रमाण हो सम्बन्धित क्षेत्रका उम्मेदवारहरूलाई देख्दै नदेखि र चिन्दै नचिनीकन पनि घण्टीलाई मत हाल्नु । अबको केही दिनभित्रमा बालेन प्रधानमन्त्री बन्ने निश्चित रहेको छ । भाद्र २३ गतेका जेनजीहरूको विरोध प्रदर्शनमा बालेनको के भूमिका थियो ? भाद्र २३ गते अघि नै बालेनले सिंहदरवारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । सिंहदरबारमा आगो लगाइयो सिंहदरबार सहित सर्बोच्च अदालत संसद भवन राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, मन्त्री क्वाटर लगायत मुलुकभरकै सरकारी कार्यालय प्रहरीको कार्यालयमा आगजनी र तोडफोड भयो ।

के अब बालेन सरकारले ती घटनाको सत्य तथ्य छानविन गरि दोषी माथि कानुनी कारबाही गर्छ कि गर्दैन ? आफू नै संलग्न रहेका प्रमाणहरु फेला परेका उनी राजिनामा दिन तयार हुन्छ कि हुँदैन भन्ने प्रश्न समेत अहिले उठेको छ । यस पटकको निर्वाचन रास्वपाले जितेको होइन बालेन साहको लोकप्रियताले जितेको हो भन्नेमा शंका छैन ।

## विश्वप्रकाशको...

कांग्रेसले जनाएको छ । केन्द्रीय कार्यालयले यसअघि नै सबै निर्वाचन क्षेत्रमा परिपत्र गरेर हार र जितका प्राविधिक तथा राजनीतिक कारण खुलाएर पठाउन निर्देशन दिइसकेको छ । पार्टी स्रोतका अनुसार बैठकमा सभापति थापाको राजीनामा स्वीकृत गर्ने वा नगर्ने भन्नेमा चर्को बहस हुने देखिएको छ । शेरबहादुर देउवा पक्षले राजीनामाको पक्षमा दबाब बढाउन सक्ने भए पनि उपसभापति शर्माले भने राजीनामा अस्वीकृत गर्नुपर्ने प्रस्ताव लैजाने तयारी गरेका छन् ।

शर्माको तर्क गर्दै आएका छन्, 'चुनाव हार्नुमा व्यक्तिको मात्र दोष छैन। विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले निर्वाचनका लागि तयारी गर्ने निकै कम समय पाएको थियो । यस्तो छोटो अवधिमा भएको चुनावको परिणामलाई लिएर सभापतिले मात्रै जिम्मेवारी लिनु न्यायोचित हुँदैन । यो संस्थागत समीक्षाको विषय हो ।' आज हुने बैठकमा समानुपातिकतर्फको सिट बाँडफाँड र नयाँ बन्ने सरकारमा कांग्रेसको भूमिकाबारे पनि छलफल हुने बताइएको छ ।


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार